सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री कुमार रेग्मी

माननीय न्यायाधीश श्री सुनिल कुमार पोखरेल

आदेश

०७६-WO-०१३८

विषयः परमादेशसमेत।

| | |
|---|---|
| स्याङ्जा जिल्ला, साविक पेखु बाघखोर गाउँ विकास समिति वडा नं. १ हाल वालिङ नगरपालिका वडा नं. ९ वालिङ बस्ने सामुहिक गौशाला संचालक समिति वालिङका अध्यक्ष केदारशरण विकल---------------------------------------१ | |
| स्याङ्जा जिल्ला, साविक स्वरेक गाउँ विकास समिति वडा नं. ८ हाल वालिङ नगरपालिका वडा नं. ११ घर भई काठमाण्डौ जिल्ला, टोखा नगरपालिका वडा नं. ७ धापासी बस्ने हुमनाथ शर्मा पौडेल---------------------------------------१ | निवेदक |
| गुल्मी जिल्ला, साविक वम्घा गाउँ विकास समिति वडा नं.७ घर भई हाल रुपन्देही जिल्ला, बुटवल उपमहानगरपालिका वडा नं. ८ सुख्यानगर बस्ने रामहरी ज्ञवाली---------------------------------------------------------१ | |

विरुद्ध

| | |
|---|---|
| नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरवार, काठमाडौं-१ | |
| नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौं-------------------------------------------------------------१ | |
| नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं---------------------------१ | |
| नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं--------------------------१ | विपक्षी |
| कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरवार, काठमाडौं-----------------१ | |
| नेपाल सरकार, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरवार, काठमाडौं-------------------------------------------------------------१ | |
| संघीय संसद, सिंहदरवार, काठमाण्डौ-------------------------------------------१ | |

नेपालको संविधानको धारा ४६ तथा १३३(२) र (३) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार रहेको छः-

## रिट निवेदनको संक्षिप्त व्यहोरा

१. हामी निवेदकहरु नेपालमा स्थायी वसोबास गरी आएका नेपाली नागरिक हौं। नेपालको राष्ट्रियता नेपालको राष्ट्रिय हितको आधारभूत विषय हो भन्ने कुरामा हामी दृढ छौं। सार्वजनिक हक वा सरोकारको विवाद (PIL) समावेश भएको संवैधानिक वा कानूनी प्रश्नको निरुपणको लागि सम्मानित अदालतको असाधारण अधिकार क्षेत्र गुहार्न सक्ने संवैधानिक व्यवस्था भएको हुँदा अन्य कुनै प्रभावकारी वैकल्पिक उपचारको वाटो समेत केही नभएकोले वाध्य भई प्रस्तुत रिट निवेदन दर्ता गर्न आउनु परेको अवस्था हो। नेपालको संविधानको धारा ९(३) मा नेपालको राष्ट्रिय जनावार "गाई" हुने संवैधानिक व्यवस्था छ। संविधानले नै राष्ट्रिय जनावारको रुपमा स्वीकार गरेको गाईको अवस्था नेपालमा कस्तो छ भन्नेतिर सरकार वा राज्यले पटक्कै ध्यान दिएको छैन। राष्ट्रिय झण्डा, राष्ट्रिय गान जस्तै हरेक राष्ट्रियता झल्काउने घोषित विषय वस्तुको संरक्षण र सम्मान गर्नु राज्यको कर्तव्य हुन्छ। राष्ट्रिय जनावार गाईहरु वेवारिसे बन्दै गएका छन, वेवारिसे गाईको देश भित्रै लुकीछिपी हत्या गर्ने साथै तस्करी गरी गौहत्या खुला भएका देशतिर निकासी भईरहेकाले देशमा गाईको अस्तित्व घट्दै गएर लोप हुने अवस्थामा पुगेको छ। जे जति गाई अस्तित्वमा छन् ती पनि शहर, बस्ती, सडकहरुमा असुरक्षित र अवहेलित रुपमा वेवारिसे छन्। दुर्गम पहाडी गाउँबस्तीमा बस्ने नेपालीका घरमा बाहेक स्थानीय नस्लका गाई देख्न नपाइने स्थिति बनेको छ। गाईलाई राष्ट्रिय जनावर घोषित गरे पनि राज्यले आजसम्म कुनै नीति, कार्यक्रम अगाडि ल्याउन सकेको छैन, न त नेपालको संघीय संसदले कुनै विधेयक पारित गरी कानूनको निर्माण गरेको अवस्था नै छ। राज्यको यो उदासीनताले गर्दा लुकीछिपी गौहत्या गर्ने र गौ तस्करी गर्नेहरुको हौसला बढ्दै गएको छ। धार्मिक आस्थाका कारणले र केही मठमन्दिरहरुले चलाएका २-४ वटा गौशालाहरुबाट यो सम्पूर्ण समस्याको निदान हुन सक्दैन। राष्ट्रिय जनावरको संरक्षण र सम्मानका खातिर अपनाइने उपायका लागि लाग्ने खर्चका लागी राज्यले प्रत्यक्ष वा परोक्ष कर निर्धारण गरोस त्यसमा राज्य सरकार वा संसद स्वतन्त्र छ। राज्यले राष्ट्रिय जनावारको संरक्षण र सम्बर्द्धनका लागि गाउँदेखि शहरसंम्म राजकीय गौशालाहरु खोलिनु पर्छ। यस्तो राजकिय गौशालाहरु देशका सबै गाउँपालिकामा कम्तीमा ५० गाईको, नगरपालिकामा १०० गाईको र महानगरपालिकामा २०० गाई रहने गरी परम्परागत गौशाला खोल्ने र परम्परागत गौशालाहरुमा राख्न सम्भव नभएका गाईहरु ठुलाठुला गौचरनहरुलाई तारबारले घेरेर खुल्ला बन्धनयुक्त गौशालाको व्यवस्था गरिनु पर्छ। देशमा भएका परम्परागत गौचरनहरु र गौचरनको नाममा नापी नक्सा भई दर्ता भएका जग्गाहरुलाई गाईगुठीको मान्यता दिन जरुरी छ। गौचरन मासेर अन्य कार्यमा उपयोग भएका छन भने त्यो बदर/ खारेज हुनुपर्ने, यदी खारेजी सम्भव र व्यावहारिक नभएको अवस्थामा त्यसको उपयोग गर्ने पक्षबाट लीज सरह भाडा लिई गौशालाहरुको प्रयोजनमा आम्दानी बाँध्नु जरुरी छ। गौचरनका नाममा देशमा जग्गा जमीन कहाँ र कति छन,

त्यसको लगत राख्ने कामसम्म गरिएको छैन, यसमा पनि राज्य / सरकार उदासिन देखिन्छ। राष्ट्रिय जनावरको संरक्षण र सम्मान गर्न सरकारले राष्ट्रिय जनावर संरक्षण मन्त्रालय वा प्राधिकरण गठन गरेर तत्काल प्रभावमा आउने गरी आवश्यक बजेट विनियोजन गर्नु अति आवश्यक छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयले मिति २०७६।०५।०१ मा राष्ट्रिय जनावारको हैसियतमा गाईलाई दिनुपर्ने सम्मान, संरक्षण र सम्बर्द्धनको लागी स्पष्ट राष्ट्रिय जनावार सम्बर्द्धन नीति तथा कार्यक्रम तयार तथा लागु नभएको भनी लिखित जानकारी गराएको अवस्था छ। लुकीछिपी हुने गौहत्यालाई थप प्रभावकारी रुपमा नियन्त्रण गर्न त्यस्तो गौहत्याको घटना घटने स्थानीय निकाय गाउँपालिका/नगरपालिका/महानगरपालिकाले पनि उत्तरदायित्व लिनुपर्ने व्यवस्था कडाईका साथ पालना गर्नु पर्दछ। गाईको विदेश तस्करी नियन्त्रणमा थप सजगता अपनाउन धेरै संख्यामा र मोटरगाडीमा ढुवानी गरेर गाई स्थानान्तरण गर्ने प्रकृयालाई अदालतसम्मको अनुमति चाहिने कानूनी व्यवस्था समेत अपरिहार्य देखिएको छ।

अतः राष्ट्रिय जनावार गाईलाई छाडा र वेवारिसे बनाएर छोड्न नपाइने, उचित संरक्षण र सम्बर्द्धन गर्नका लागी आवश्यक कानून निर्माण गरी राजकीय गौशालाहरु स्थापना गरी संचालन गर्नु गराउनु भनी परमादेशको आदेश लगायत अन्य उपयुक्त आज्ञा आदेश जारी गरी पाउँ भन्नेसमेत वेहोराको निवेदक केदार शरण विकल, हुमनाथ शर्मा पौडेल र रामहरि ज्ञवालीले यस अदालतमा पेस गरेको संयुक्त रिट निवेदन।

२. यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए आधार र कारण खुलाई यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ (पन्ध्र) दिनभित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्नु भनी आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरूका नाममा सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमानुसार पेस गर्नूहोला। साथै प्रस्तुत रिट निवेदनमा निवेदकले उठाएका विषयवस्तु संवेदनशिल भई चाँडो किनारा लाग्नु पर्ने प्रकृतिको देखिँदा प्रस्तुत रिट सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम अग्राधिकार दिई नियमानुसार पेश गर्नूहोला भन्ने यस अदालतबाट मिति २०७६।०५।०३ मा भएको आदेश।

३. संघीय संसदमा के कस्तो विधेयकहरु पेश गर्ने भन्ने विषय नितान्त कार्यपालिकाको अधिकार क्षेत्र भित्रको विषय भएकोले प्रस्तुत विषयमा संघीय संसदलाई विपक्षी बनाउनुको कुनै औचित्य छैन। जहाँसम्म राष्ट्रिय जनावर गाईलाई छाडा र वेवारिसे बनाएर छोड्न नपाइने, उचित संरक्षण र सम्बर्द्धन गर्नका लागि आवश्यक कानून निर्माण गरी राजकीय गौशालाहरु स्थापना गरी संचालन गर्नु गराउनु पर्ने भनी आदेश जारी हुनु पर्ने विषय छ, तत्सम्बन्धमा नेपाल सरकारले आवश्यकता र उपयुक्तता महशुस गरी सो अनुरुपको विधेयकको मस्यौदा संघीय संसदमा प्रस्तुत गरेको खण्डमा संसदीय विधि र प्रकृया बमोजिम विधेयक पारित गर्न

यस संघीय संसदबाट आवश्यक सहयोग रहने नै हुँदा रिट निवेदकको माग बमोजिमको कुनै पनि आदेश जारी हुनु पर्ने अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत बेहोराको संघीय संसदको तर्फबाट यस अदालतमा पेस गरेको लिखित जवाफ।

४. नेपालको संविधानको धारा ९ को उपधारा (३) मा नेपालको राष्ट्रिय जनावर गाई हुनेछ भन्ने व्यवस्था गरी नेपाली समाजमा गाई प्रति रहेको उच्च सम्मानको भावनालाई संविधानमा समेत आत्मसात गरिएको छ। त्यसैगरी मुलुकी अपराध संहिता, २०७४ को दफा २८९ मा गाई, गोरु मार्न वा कुट्ने कार्यलाई कसूर कायम गरी त्यस्तो कसूर गर्नेलाई तीन वर्षसम्मको कैद सजायको समेत व्यवस्था गरिएको छ। त्यसैगरी सोही संहिताको दफा २९० मा पशुपन्छीलाई यातना दिने वा आफूले पालेको पशुपन्छी रोगी वा वृद्ध भएको कारणले सार्वजनिक रुपमा छाड्न वा अन्य कुनै किसिमबाट निर्दयी वा क्रुर व्यवहार गरेमा तीन महिनासम्म कैद तथा पाँच हजार जरिवानाको सजाय हुने व्यवस्था गरिएको छ। उक्त संवैधानिक तथा कानूनी व्यवस्थाले गाईलाई राष्ट्रिय जनावरको रुपमा सम्मान गर्नुको साथै गाईप्रति हुन सक्ने कुनै किसिमको यातनाजन्य व्यवहार तथा मार्ने कार्यलाई कसूर कायम गरी गाईको संरक्षण र सम्बर्द्धन गर्ने कार्यमा राज्यको दृष्टिकोण प्रष्ट रहेको देखिन्छ। गाईको संरक्षण गर्न गौशालाहरु निर्माण लगायतको कार्यको लागि आवश्यक कानून निर्माण गर्नु भन्ने विषयका सम्बन्धमा मुलुकमा के कस्तो नयाँ कानून बनाउने वा भइरहेको कानूनमा के कस्तो संशोधन वा परिमार्जन गर्ने भन्ने विषय विधायिकी वुद्धिमता एवं क्षेत्राधिकार (Legislative Wisdom or Exclusive Legislative Competence) को विषय भएकोले यस मन्त्रालय समेतलाई विपक्षी कायम गरी रिट निवेदन दायर गर्न मिल्ने पनि होइन भन्ने समेत बेहोराको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको तर्फबाट यस अदालतमा पेस गरेको लिखित जवाफ।

५. निवेदकले राष्ट्रिय जनावर गाईको संरक्षण गर्नु पर्ने विषयलाई उल्लेख गर्नु भएको देखिन्छ। नेपालको संविधानको धारा ९ को उपधारा (३) मा "नेपालको राष्ट्रिय फूल लालीगुरास, राष्ट्रिय रंग सिम्रिक, राष्ट्रिय जनावर गाई र राष्ट्रिय पङ्क्षी डाँफे हुनेछ" भन्ने स्पष्ट व्यवस्था रहेको। साथै मूलुकी अपराध संहिताको परिच्छेद २७ अर्न्तगत दफा २८९ मा गाई गोरु मार्न वा कुटन नहुने व्यवस्था रहेको र उक्त दफा बमोजिम कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैदको व्यवस्था समेत स्पष्टसँग उल्लेख गरिएको छ। सोही बमोजिम सम्बन्धित निकायबाट आवश्यक कारवाही हुने नै छ। यस मन्त्रालयबाट कार्य विभाजन नियमावलीले तोकेको कार्यक्षेत्रको अधिनमा रही कार्य भइरहेको भन्नेसमेत बेहोराको नेपाल सरकार, गृह मन्त्रालयको तर्फबाट यस अदालतमा पेस गरेको लिखित जवाफ।

६. नेपालको संविधानको धारा ९ को उपधारा (३) मा नेपालको राष्ट्रिय जनावर गाई हुनेछ भन्ने, मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा २८९ मा गाई, गोरु मार्न वा कुट्न नहुने र दफा २९० मा पशुपन्छीलाई यातना दिने वा आफूले पालेको पशुपन्छी रोगी वा

वृद्ध भएको कारणले सार्वजनिक रुपमा छाड्न वा अन्य कुनै किसिमबाट निर्दयी वा क्रुर व्यवहार गरेमा कैद तथा जरिवाना हुने व्यवस्था गरि गाईलाई राष्ट्रिय जनावरको रुपमा सम्मान गर्नुको साथै गाईप्रति हुन सक्ने कुनै किसिमको यातनाजन्य व्यवहार तथा मार्ने कार्यलाई कसूर कायम गरी गाईको संरक्षण र सम्बर्द्धन गर्ने कार्यमा राज्यको दृष्टिकोण प्रष्ट रहेको देखिन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (क) को उपखण्ड (ञ) मा छाडा पशु चौपायाको नियन्त्रण सम्बन्धी कार्य नगर प्रहरीको काम, कर्तव्य र अधिकार क्षेत्रभित्र पर्ने र सोही ऐनको दफा १२ को उपदफा (२) को खण्ड (ग) को उपखण्ड (१५) मा पशुपन्छी विकास तथा छाडा चौपायाको व्यवस्थापन गर्ने कार्य वडा समितिको रहेको छ। पशु बधशाला तथा मासु जाँच ऐन, २०५५ को दफा २ मा "पशु" भन्नाले गाई, गोरु, साँढे बाहेकका पशुपन्छीसमेत सम्झनु पर्छ भनी परिभाषा गरेकोले राष्ट्रिय जनावर गाईको सम्बर्द्धन गर्न नेपाल सरकार संवदेनशील रहेको प्रष्ट हुन्छ। यस मन्त्रालयको मिति २०७६।०५।०१ को पत्र निवेदकले सूचना माग गरे बमोजिम राष्ट्रिय जनावरको लागि छुटै नीति तथा कार्यक्रम यस मन्त्रालयबाट तयार तथा लागू नभएको भनी जानकारीसम्म दिइएको तर यस मन्त्रालय र मातहतका निकायहरुबाट गाईको संरक्षण, प्रवर्द्धन लगायत उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि विभिन्न कार्यक्रम संचालन गर्दै आएको हुनाले यो मन्त्रालय राष्ट्रिय जनावर गाईप्रति संवेदनशील नभएको भनी अर्थ गर्न मिल्ने होइन भन्नेसमेत बेहोराको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका तर्फबाट यस अदालतमा पेस गरेको लिखित जवाफ।

७. नेपालको संविधानको धारा ९ को उपधारा (३) मा गाईलाई राष्ट्रिय जनावरका रुपमा उल्लेख गरिएको छ। गाईको सामाजिक, धार्मिक महत्त्व, उपलब्धता र सर्वस्वीकार्यताका दृष्टिले सहज भएकाले यसरी राष्ट्रिय जनावारका रुपमा राखिएको र मानिएको अवस्था हो। नेपालको संविधानले राष्ट्रिय जनावरका रुपमा स्वीकार गरेको विषय आफैमा महत्त्वपूर्ण, मान्य र स्वीकार्य हुन्छ। यस्तो विषयमा यसको संरक्षण र व्यवस्थापन गर्न सरकारी, सार्वजनिक निकाय र संघ संस्था स्वस्फूर्त रुपमा अग्रसर भएको भेटिन्छ। यदाकदा गाईलाई छाडा तथा वेवारिसे भेटिएको भनी त्यसको संरक्षण गर्नुपर्ने र कानून नै निर्माण गर्नुपर्ने आवश्यक हो भनी रिट नै दायर गर्नुपर्ने विषय भने होइन। यस सम्बन्धमा यस मन्त्रालयले सो विपरित कुनै काम कारवाही समेत गरेको देखिंदैन। तसर्थ, रिट निवेदन खारेज गरी पाऊँ भन्ने समेत बेहोराको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका तर्फबाट यस अदालतमा पेस गरेको लिखित जवाफ।

८. नेपालको संविधानको धारा ९ को उपधारा (३) मा नेपालको राष्ट्रिय जनावर गाई हुनेछ भन्ने, मुलुकी अपराध संहिता, २०७४ को दफा २८९ ले गाई, गोरु मार्ने वा कुट्ने कार्यलाई कसूर कायम गरेको र दफा २९० मा पशुपन्छीलाई यातना दिने वा आफूले पालेको पशुपन्छी रोगी वा वृद्ध भएको कारणले सार्वजनिक रुपमा छाड्न वा अन्य कुनै

किसिमबाट निर्दयी वा क्रुर व्यवहार गरेमा कैद वा जरिवाना वा दुवै सजाय हुने व्यवस्था रही गाईलाई राष्ट्रिय जनावरको रुपमा सम्मान गर्नुको साथै गाईप्रति हुन सक्ने कुनै किसिमको यांतनाजन्य व्यवहारको कार्यलाई कसूर कायम गरी गाईको संरक्षण र सम्बर्द्धन गर्ने कार्य गरिएकोमा द्विविधा हुनु पर्ने अवस्था छैन। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ण) मा कृषि तथा पशुपालन, पशु स्वास्थ्य, पशु वीमा सहितका कार्य स्थानीय तहबाट सम्पादन हुने र कृषि तथा पशुपालन, पशु स्वास्थ्य सम्वन्धी स्थानीय नीति, पशुपन्छी व्यवस्थापन सम्बन्धी कार्य गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत रहेको देखिन्छ। नगरपालिकाले प्रचलित कानून बमोजिमको प्रकृया पूरा गरी पशु संरक्षण सहितका आवश्यक कार्यहरु गर्ने नै हुँदा तत् सम्बन्धमा अन्यथा भन्नु पर्ने देखिंदैन। कतिपय स्थानीय तहबाट पशु संरक्षणको लागि काञ्जी हाउसको समेत व्यवस्था गर्ने गरेको अवस्थामा गाईको संरक्षणको लागि छुट्टै ऐनको आवश्यकता पऱ्यो भनी माग गरिरहनु पर्ने होइन। गाईको संरक्षणका सम्बन्धमा आवश्यक कानूनी व्यवस्था रहे भए कै अवस्थामा विधायीकी क्षेत्राधिकारको विषयमा दावी लिई छुट्टै कानून निर्माण गरी पाउँ भनी लिएको दावी औचित्यहीन भएकोले यस कार्यालय समेतलाई विपक्षी कायम गरी रिट निवेदन दायर गर्न मिल्ने देखिंदैन भन्ने बेहोराको नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट यस अदालतमा पेश गरेको लिखित जवाफ।

९. विपक्षीको माग दावी कार्यान्वयन गर्ने जिम्मेवारी यस मन्त्रालयको होइन। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को देहाय खण्ड (ण) मा कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी तथा ऐ. दफाको उपदफा (४) को देहाय खण्ड (ङ) को उपखण्ड (१), (१०) र (१५) मा वन्यजन्तुसम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन, वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण, व्यवसायिक पालन, उपयोग र अनुगमन तथा स्थानीयस्तरमा वन, वन्यजन्तु तथा चराचुरुङ्गीको अभिलेखाङ्कन र अध्ययन अनुसन्धान, पशुपन्छी विकास तथा छाडा चौपायाको व्यवस्थापन गर्ने उल्लेख भई निवेदकले लिएको जिकिरका विषयमा स्थानीय तहबाटै व्यवस्थापन हुने स्पष्ट व्यवस्था रहेको र सोही बमोजिम नै पशु चौपायाहरुको संरक्षण, व्यवसायिक पालन, अध्ययन अनुसन्धान, अनुगमन तथा व्यवस्थापन हुने हुँदा निवेदकको माग बमोजिम कुनै आदेश जारी हुनुपर्ने देखिँदैन। तसर्थ, प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार, अर्थ मन्त्रालयको तर्फबाट यस अदालतमा पेश गरेको लिखित जवाफ।

## यस अदालतको आदेश

१०. नियमबमोजिम आजको मुद्दाको पेसी सूचीमा चढी यस इजलास समक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट इजलास समक्ष उपस्थित हुनुभएका विद्वान् वरिष्ठ

अधिवक्ता श्री यदुनाथ खनालका साथै विद्वान् अधिवक्ताहरु श्री कीर्तिनाथ शर्मा पौडेल, श्री राजिव बास्तोला, श्री त्रिलोकबहादुर चन्द, श्री ज्ञानेन्द्रराज आरण, श्री मनिषा बस्नेत, डा. श्री शिवकुमार यादव र श्री दिपेन्द्र अधिकारीले नेपालको संविधानले गाईलाई राष्ट्रिय जनावारको रुपमा स्थापित गरेको छ। नेपालमा गाईको आर्थिक, सामाजिक एवम सांस्कृतिक महत्त्व रहेको कुरामा विवाद छैन, तथापि गाई वेवारिसे रुपमा छोडिने जस्ता समस्या बढिरहेकोमा यसको समाधानका लागि नेपाल सरकार लगायत सम्बन्धित निकायबाट खासै प्रयास भएको अवस्था देखिदैन। मुलुकी अपराध संहिता, २०७४ ले गाई गोरु मारेकोमा कसूर कायम गरी अपराधिकरण गरेको भए तापनि राष्ट्रिय जनावर गाईको संरक्षण र सम्बर्द्धनका लागि नीतिगत तथा कानूनी व्यवस्थाको अभाव भएकाले राष्ट्रिय जनावर गाईलाई छाडा र वेवारिसे बनाएर छोड्न नपाइने, गाईको उचित संरक्षण र सम्बर्द्धन गर्नका लागि राजकीय गौशालाहरु स्थापना गरी गाई संरक्षणका लागि आवश्यक व्यवस्था गर्न छुटै कानून बनाउनु भनी विपक्षीहरुका नाममा परमादेशको आदेश जारी गरी पाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

११. त्यसैगरी नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय समेतका विपक्षीहरुको तर्फबाट उपस्थित विद्वान् उप-न्यायाधिवक्ता श्री अमित उप्रेतीले नेपालको संविधानको धारा ९(३) ले नेपालको राष्ट्रिय जनावर 'गाई' हुने संवैधानिक व्यवस्था गरेको, मुलुकी अपराध संहिता, २०७४ को दफा २८९ ले गाई मार्न काट्न नहुने र दफा २९० मा पशुपछीलाई यातना दिने वा आफूले पालेको पशुपन्छी रोगी वा वृद्ध भएको कारणले सार्वजनिक रुपमा छाड्न वा अन्य कुनै किसिमबाट निर्दयी वा क्रुर व्यवहार गरेमा कसूर कायम गरी सजाय हुने व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पशुपन्छीको संरक्षणका लागि आवश्यक नीतिगत र कानूनी व्यवस्था गर्न स्थानीय तहलाई अधिकारसमेत दिएकोले निवेदकको माग बमोजिम गाई संरक्षणको लागि छुट्टै कानून बनाउनु पर्ने अवस्था छैन। नेपाल सरकारले गाई संरक्षणका लागि विभिन्न प्रयास गरिरहेको स्थितिमा गाई संरक्षणको लागि थप कानूनी व्यवस्थाको आवश्यकता नभएकाले प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भनी गर्नुभएको बहस सुनियो।

१२. यसमा नेपालको संविधानको धारा ९(३) ले नेपालको राष्ट्रिय जनावर 'गाई' हुने संवैधानिक व्यवस्था गरेको भए तापनि नेपालमा गाईको अवस्था कस्तो छ भन्ने तिर सरकार वा राज्यले पटक्कै ध्यान नदिएकोले राष्ट्रिय जनावर गाईलाई छाडा र वेवारिसे बनाएर छोड्न नपाइने, उचित संरक्षण र सम्बर्द्धन गर्नका लागि आवश्यक कानून निर्माण गरी राजकीय गौशालाहरु स्थापना गरी संचालन गर्नु गराउनु भनी विपक्षीहरुको नाममा परमादेशको आदेश समेत जारी गरी पाउँ भन्ने निवेदकहरुको मुख्य निवेदन दावी रहेको देखिन्छ।

१३. रिट निवेदनका सम्बन्धमा विपक्षीहरुको लिखित जवाफ हेर्दा, संसद्मा विधेयकहरु पेश गर्ने कार्यपालिकाको अधिकार क्षेत्र भित्रको विषय भएकोले संघीय संसदलाई विपक्षी बनाउनुको कुनै औचित्य छैन भन्ने संघीय संसदको लिखित जवाफ रहेको देखिन्छ।रिट निवेदकले

गाईको संरक्षणको लागि आवश्यक कानून निर्माण गर्न माग गरेको र के कस्तो, नयाँ कानून बनाउने वा संशोधन वा परिमार्जन गर्ने भन्ने विषय विधायिकी बुद्धिमता एवं क्षेत्राधिकार (Legislative Wisdom or Exclusive Legislative Competence) को विषय भएकोले रिट निवेदन दायर गर्न मिल्ने होइन भन्ने कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको लिखित जवाफबाट देखिन्छ। त्यसैगरी गाईको सामाजिक, धार्मिक महत्त्व, उपलब्धता र सर्वस्वीकार्यताका दृष्टिले सहज भएकाले राष्ट्रिय जनावरका रुपमा राखिएको र यदाकदा छाडा छोडिएको भन्ने समस्याका लागि रिट निवेदन नै दिनुपर्ने अवस्था होइन भनी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले लिखित जवाफ फिराएको देखिन्छ। पशु वधशाला तथा मासु जाँच ऐन, २०५५ को दफा २ ले गाई,गोरु लाई पशुको परिभाषा भन्दा बाहिर राखेकोले राष्ट्रिय जनावर गाईको सम्बर्द्धन गर्न नेपाल सरकार संवदेनशील रहेको प्रष्ट हुन्छ भन्ने कृषि तथा पशुपन्छी विकास मन्त्रालयको लिखित जवाफ रहेको देखिन्छ। नेपालको संविधानको धारा ९ को उपधारा (३) मा नेपालको राष्ट्रिय जनावर गाई हुनेछ भन्ने र मुलुकी अपराध संहिता, २०७४ को दफा २८९ र दफा २९० मा पशुपन्छीलाई यातना दिने वा आफूले पालेको पशुपन्छी रोगी वा वृद्ध भएको कारणले सार्वजनिक रुपमा छाड्न वा अन्य कुनै किसिमबाट निर्दयी वा क्रुर व्यवहार गरेमा सजाय हुने व्यवस्था हुँदा हुँदै छुट्टै कानून निर्माण आवश्यक छैन भन्ने विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को देहाय खण्ड (ण) ऐ. दफाको उपदफा (४) को देहाय खण्ड (ङ) को उपखण्ड (१), (१०) र (१५) ले पशु चौपायाहरुको संरक्षण, व्यवसायिक पालन, अध्ययन अनुसन्धान, अनुगमन तथा व्यवस्थापन हुने हुँदा निवेदकको माग बमोजिम कुनै आदेश जारी हुनुपर्ने देखिँदैन भन्ने अर्थ मन्त्रालयको लिखित जवाफ रहेको देखिन्छ।

१४. उपर्युक्त बमोजिमको निवेदन दावी, विपक्षीहरुको लिखित जवाफ एवं रिट निवेदकहरुका तर्फबाट विद्वान वरिष्ठ अधिवक्ता, विद्वान अधिवक्ताहरुले तथा विपक्षीहरुका तर्फबाट विद्वान उपन्यायाधिवक्ताले गर्नुभएको बहस जिकिर समेतलाई मनन् गरी हेर्दा प्रस्तुत रिट निवेदनमा मुख्यत: देहायका प्रश्नमा निर्णय दिनुपर्ने देखिन आयो। :-

क) जनावरहरुमा गाईलाई विशेष महत्त्व दिनु पछाडिका कारणहरु के-कस्ता रहेका छन्?

ख) राष्ट्रिय जनावार गाई संरक्षणको लागि के कस्तो कानूनी प्रबन्ध छ ? गाई संरक्षणका लागि छुट्टै वा थप कानूनी व्यवस्था गर्न आवश्यक हो, होइन ?

ग) गाई संरक्षणको सन्दर्भमा यस अदालतबाट विगतमा भएका आदेशहरु प्रस्तुत रिट निवेदन मागका सन्दर्भमा प्रर्यास छन्, छैनन्?

घ) रिट निवेदकको मागबमोजिमको आदेश जारी हुने अवस्था हो, होइन ?

१५. निरुपण हुनुपर्ने उल्लिखित पहिलो प्रश्नतर्फ विचार गर्दा पृथ्वीमा पाइने हजारौं जनावरहरु मध्ये नेपालको संविधानले गाईलाई राष्ट्रिय प्रतीक, राष्ट्रिय जनावरका रूपमा किन स्थापित गरेको होला भन्ने प्रश्न आफैमा जिज्ञाशा पूर्ण रहेको देखिन्छ। यसरी गाईलाई राष्ट्रिय प्रतिक राष्ट्रिय जनावर मानिएको परिप्रेक्षयबाट हेर्दा, सर्वप्रथम राष्ट्रिय प्रतीकहरू के हुन् र तिनको महत्त्व के छ भन्ने विषयमा संक्षिप्त चर्चा गर्न उपयुक्त हुने देखियो। राष्ट्रिय प्रतीकहरू दृश्यात्मक र अवधारणात्मक चिन्हहरू हुन्, जसले राष्ट्रको सार्वभौम अस्तित्व र अन्तर्राष्ट्रिय समुदायमा यसको राष्ट्रिय गौरवलाई जनाउँछन्। राष्ट्रिय प्रतीकहरूले नागरिकमा आफ्नो मातृभूमिप्रतिको स्थायी निष्ठा उत्पन्न गराउने क्षमता राख्छन्।[१] राष्ट्रिय प्रतीकहरू (झण्डा, गान, निसान, रङ्ग, जनावर, फूल, मुद्रा आदि) संरक्षण गर्नु राज्यको दायित्व भित्र पर्दछ। राष्ट्रिय प्रतीकहरूले कुनै पनि देशको मौलिक पहिचानलाई दर्शाउँछन्। यी प्रतीकहरू राष्ट्रको इतिहास, परम्परा, र संस्कृतिसँग प्रत्यक्ष रूपमा जोडिएका हुन्छन्। राष्ट्रिय प्रतीकहरू कुनै पनि देशका नागरिकहरूलाई एकताबद्ध गर्ने साधन हुन्। तिनको संरक्षणले राष्ट्रप्रेम र एकताको भावना मजबुत बनाउँछ। विश्वका धेरै देशहरूमा राष्ट्रिय प्रतीकहरूको अपमानलाई कानूनी रूपमा दण्डनीय अपराध मानिन्छ।[२] यसकारण, राष्ट्रिय प्रतीकहरूको संरक्षण केवल कानूनी र ऐतिहासिक आवश्यकता मात्र नभई राष्ट्रिय गौरवको विषय पनि हो। नेपालमा गाईलाई समेत राष्ट्रिय प्रतीकका रुपमा राष्ट्रिय जनावरको स्थान दिई उच्च सम्मान किन दिइएको रहेछ भन्ने सम्बधमा केही थप विवेचना गर्न आवश्यक रहेको देखियो।

१६. नेपालको संविधानको धारा ९ को उपधारा (३) ले "गाई" नेपालको राष्ट्रिय जनावर हुने व्यवस्था गरेको छ। कुनै पनि राष्ट्रले आफ्नो देशको राष्ट्रिय प्रतीक पहिचान गर्दा ती प्रतीकहरुको धार्मिक तथा सांस्कृतिक, एतिहासिक, सामाजिक, आर्थिक तथा भावनात्मक महत्त्वका आधारमा गर्ने गरिएको पाइन्छ। लामो इतिहास बोकेको सनातन धर्ममा गाईको महत्त्वलाई उच्च स्थान दिएको पाइन्छ। हिन्दू धर्मको उच्चतम धार्मिक ग्रन्थ ४ वेद मध्ये ऋग्वेदमा गाईलाई रुद्रहरुका आमा, वसुदेवकी छोरी, आदित्यहरुकी बहिनी भनी सम्बोधन गरेको पाइन्छ।[३] त्यस्तै स्कन्दपुराणमा गाई स्वयं देवमयी हुन् र वेद स्वयं गोमय छन्। गाईलाई सनातन संस्कृति वा परम्परामा माता समान मानिन्छ। गाईको हरेक अङ्गमा भगवानको बास रहेको हुन्छ। यही कारणले गर्दा मानिसहरूले गाईलाई सर्वदेवमयी मान्छन् भनी उल्लेख गरिएको पाइन्छ।[४] अथर्ववेद-शौनक संहितामा गाईलाई सम्पूर्ण ब्रह्माण्डको

---

[१] https://www.gov.na/about-national-symbols (last visited Feb. 18, 2025).

[२] Zoltán J. Tóth, Benjamin Flander, Aleksandra Syryt, Norbert Tribl, Katerina Frumarová & Ján Skrobák, Criminal Law Protection of State Symbols in the Countries of Central Europe: Common Features and Differences, 65 HUNG. J. LEGAL STUD. 222, 222–240 (2024), https://doi.org/10.1556/2052.2024.00502.

[३] *गो-अङ्क* (वेदोंमें गो-महिमा), गीताप्रेस, गोरखपुर, बीसौं वर्ष विशेषाङ्क, संवत् २०८०, बाहौं पुनर्मुद्रण, पृष्ठ ४९; ऋग्वेद ८।१०१।१५ बाट उद्धरण गरिएको

[४] ऐ. (गौका विश्वरुप), पृष्ठ ६५; स्कन्दपुराण (आवत्यखण्ड रेवाखण्ड अ. ८३ श्लोक १०४ मा ११०,११२), (गाईका सिङको अग्रभागमा नित्य इन्द्रको वास रहन्छ। यसको हृदयमा कार्तिकेय, शिरमा ब्रह्मा, र ललाटमा वृषभध्वज शङ्कर निवास गर्छन्। दुवै नेत्रहरूमा चन्द्रमा र सूर्य, जिब्रोमा सरस्वती, दाँतहरूमा मरुद्गण र साध्य देवता, हुंकारमा अङ्ग-पद-क्रमसहित चारै वेद, रोमकूपहरूमा असंख्य तपस्वी र ऋषिगण, पीठमा दण्डधारी महाकाय

रूपमा हेरिएको छ। त्यसैले गाईको पूजन गर्दा देवताहरूको मात्र पूजन हुँदैन, बरु सम्पूर्ण ब्रह्माण्डको पूजनको प्रतिफल पाइन्छ।[५] गाईको दानबाट स्वर्गलोक प्राप्त हुने उल्लेख गरिएको छ।[६] पौराणिक कालमा देउता र दानव बिच समुद्र मंथन गर्दा भेटिएका १२ रत्न मध्ये एउटा रत्न कामधेनु गाई रहेको र उक्त गाईले सतकर्मसगँ सम्बन्धित इच्छाहरु परिपूर्ण गदर्थे भन्ने उल्लेख भएको छ। ऋषि भारद्वाजको लेखकत्वलाई श्रेय दिइएको ऋग्वेद, पुस्तक VI, स्तोत्र XXVIII (गाईहरू) का श्लोकहरूबाट गाईको उच्च प्रशंसा गरिएको देखिन्छ। जसको भावार्थ "गाईहरू आएर राम्रो भाग्य ल्याए; तिनीहरूलाई गाईको खोरमा आराम गर्न देऊ र हाम्रो नजिकै खुशी हुन देऊ। यहाँ धेरै रंगका धेरै गाईहरु आई बिहानभरि इन्द्रको लागि आफ्नो दूध दिनुहोस्। हे गाईहरू, तिमीहरूले जीर्ण र क्षय भएकाहरूलाई मोटो पार, र नराम्राहरूलाई सुन्दर देखाऊ। मेरो घरलाई समृद्ध बनाओ, शुभ स्वरका साथ, हाम्रा सभाहरूमा तपाईंको शक्तिको महिमा हुन्छ। राम्रा चरनहरू उब्जाउनुहोस् र उब्जनी गर्नुहोस्; राम्रो पिउने ठाउँहरूमा शुद्ध मीठो पानी पिउनुहोस्। कहिल्यै चोर वा पापी मानिस आफ्नो मालिक नबन, र रुद्रको बाण तिमीबाट बचोस्"।[७] त्यस्तै राल्फ ग्रिफिथद्वारा अनुवादित पुस्तक अथर्ववेदको दशको भजन १ को श्लोक २९ ले निम्न शब्दहरूमा गाई हत्या निषेध गर्दछः "हे कृत्य, निर्दोषको हत्या गर्नु घिनलाग्दो काम हो। हाम्रो गाई, घोडा वा मानिसलाई नमार। "सोही पुस्तकको स्तोत्र १० मा गाईको उत्साहजनक महिमा रहेको छः "गाई स्वर्ग हो, गाई ईथ हो, गाई जीवनका स्वामी विष्णु हो। साधु र वसुहरूले गाईको रस पिएका छन्। देवता र नश्वर दुवै गाईमा जीवन र अस्तित्वको लागि निर्भर छन्। उनी यो ब्रह्माण्ड बनेकी छिन्; सूर्यले हेर्ने सबै कुरा उनी नै हुन्। "[८] भनी गाईको महिमा लेखिएको पाइन्छ। यसबाट पूर्वीय सनातनी संस्कृतिमा गाई एक विशेष महत्त्वको प्राणी रहेको भन्ने देखिन्छ।

१७. सनातन सम्प्रदायमा गौदान (गाई दान) को ठुलो महत्त्व बताइएको छ। शिवपुराण एवं स्कन्द पुराण वर्णनमा गोदान गरिनेका घरमा पुनः यम फर्केर नआउने हुँदा

---

महिषवाहन यमराज, स्तनहरूमा चारै पवित्र समुद्र, गोमूत्रमा विष्णु-जसको मात्र दर्शनले पाप नाश हुन्छ भन्ने श्रीगङ्गाजी, गाईको गोबरमा पवित्र सर्वकल्याणमयी लक्ष्मीजी, खुरहरूको अग्रभागमा गन्धर्व, अप्सराहरू र नागहरू निवास गर्छन्। यसका अतिरिक्त सागरान्त पृथ्वीमा रहेका सम्पूर्ण पवित्र तीर्थस्थलहरू गाईको शरीरमा रहेको मानिन्छ। विष्णु सर्वदेवमयी हुन्, गाई तिनै विष्णुबाट उत्पन्न भएकी हुन्, र विष्णु तथा गाई दुवैको शरीरमा देवताहरूको निवास रहेको छ।)

[५] ऐ. पृष्ठ ६५९; गायको शास्त्रीय एंव व्यावहारिक महत्त्व, लेखकः पं. श्री दीनानाथ शर्मा ,अथर्ववेद-शौनक संहिता (९।७;१।२५)

[६] ऐ. मा ५ (अथर्ववेद-शौनक संहिता (९।५।२९)

[७] State Of Gujarat vs Mirzapur Moti Kureshi Kassab Jamat & Ors on 26 October, 2005, case no:4937-4940 of 1998 मा उल्लेख गरिएको (verses from Rg.Veda, Book VI, Hymn XXVIII (Cows) attributed to the authorship of Sage Bhardavaja:
"1 . The kine have come and brought good fortune; let them rest in the cow-pen and be happy near us.Here let them stay prolific, many coloured, and yield through many morns their milk for Indra.
6. O Cows, ye fatten e'n the worn and wasted, and make the unlovely beautiful to look on.Prosper my house, ye with auspicious voices, your power is glorified in our assemblies.
7. Crop goodly pasturages and be prolific; drink pure sweet water at good drinking places.Never be thief or sinful man your master, and may the dart of Rudra still avoid you."(Translation by Ralph Griffith).
Verse 29 of hymn 1 in Book X of Atharva Veda forbids cow slaughter in the following words:
"29. The slaughter of an innocent, O Kritya, is an awful deed, Slay not cow, horse, or man of ours."Hyman 10 in the same book is a rapturous glorification of the cow:
"30. The cow is Heaven, the cow is Eath, the cow is Vishnu, Lord of life.The Sadhyas and the Vasus have drunk the outpourings of the cow.
34. Both Gods and mortal men depend for life and being on the cow.She hath become this universe; all that the sun surveys is she."

[८] Ibid at 7

भयमूक्त रहन गाईदान गर्नुपर्ने कुरा उल्लेख गरिएको छ।[९] त्यस्तै, पुराणहरूमा गौदानलाई पवित्र कार्य मानिँदै मोक्ष प्राप्तिको उपायका रूपमा व्याख्या गरिएको पाइन्छ। विशेष गरी, गरुड पुराणमा मृत्युपछि वैतरणी नदी पार गर्न गौदानको महत्त्व दर्शाइएको पाइन्छ। धार्मिक मान्यताअनुसार, गौदान गर्दा पापकर्महरूको नाश भई आत्मशुद्धि प्राप्त हुन्छ। विशेष गरी पितृ पक्ष, माघ स्नान, तुलसी विवाह, एकादशी आदि धार्मिक अवसरमा गौदानको विशेष महत्त्व रहेको पाईन्छ। मृत्युपछि आत्माले वैतरणी नदी पार गर्न गाईको पुच्छर समाउनुपर्ने विश्वासका कारण गौदानलाई मोक्ष दिने कार्यको रुपमा पनि हेरिन्छ। यसको अर्थ हो पृतृ वा मृत आत्माले शान्ति पाओस् र अर्को जुनि पाओस्, यस धर्तीमा रहँदा उसले गरेका पापकर्महरू नष्ट हुन्छ र स्वर्गमा बास पाउँछ भन्ने हेतुले गाईदान गर्ने प्रचलन रहेको देखिन्छ।[१०] तिनै शास्त्रहरुको प्रभावको कारणले हिन्दू समाजमा गौदानको उल्लेखनीय स्थान रहिआएको छ। यसै कुरालाई दृष्टिगत गरी श्री ५ गीर्वाणयुद्धविक्रम शाहले पशुपति मन्दिरमा बाह्रवटा गुठीहरुको संरक्षण तथा सम्बर्द्धन गर्दा गाई चराउने गुठी (गाईगुठी) पनि राखेको पाइन्छ।[११]

१८. हिन्दू समुदायमा गाई र गोरुको पूजा विशिष्ट धार्मिक र सांस्कृतिक महत्त्व बोकेको परम्परा हो। बहुसंख्यक नेपालीहरुको दोस्रो महान चाड यमपञ्चक (तिहार) को चौथो दिन गाईलाई समृद्धि र पवित्रता लक्ष्मी भगवानको प्रतीकका रूपमा पूजा गरिन्छ । त्यस्तै, पाँचौं दिन गोरुको पूजा गरिन्छ, जसलाई कृषि तथा श्रमको प्रतीकका रूपमा सम्मान गरिन्छ। यी दिनहरूमा नेपाल सरकारले राष्ट्रिय बिदा दिने प्रचलन समेत रहेको पाइन्छ। त्यस्तै, प्रायः शिव मन्दिरहरूमा गोरुलाई नन्दीका रूपमा पूजा गर्ने परम्परा रहेको देखिन्छ। यसैगरी, नेपालका नेवार समुदायमा गाईजात्रा विशेष सांस्कृतिक पर्वका रूपमा मनाइन्छ। विशेष गरी काठमाडौं उपत्यकामा लोकप्रिय गाईजात्रा स्थानीय संस्कृति, परम्परा र ऐतिहासिक पृष्ठभूमिसँग जोडिएको छ। यो पर्व प्रत्येक वर्ष जनैपूर्णिमापछि पर्ने दिनमा मनाइन्छ। गाईजात्रा दिवंगत आफन्तको सम्झनामा मनाइने पर्व हो, जसमा विभिन्न झाँकी, व्यंग्यपूर्ण प्रस्तुति र सांस्कृतिक कार्यक्रमको माध्यमबाट शोकलाई हास्यमा रूपान्तरण गर्दै समाजमा सन्देश प्रवाह गरिन्छ। यसरी गाई र गोरुको पूजा तथा गाईजात्रा पर्वले धार्मिक आस्था, सांस्कृतिक पहिचान र सामाजिक चेतनालाई जीवन्त बनाउने महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ।

१९. गाईको धार्मिक तथा सांस्कृतिक महत्त्व रहेकोमा द्विविधा रहेन। यसको अलावा गाईको सामाजिक तथा आर्थिक महत्त्व पनि यतिकै रहेको छ। "गाईको शान्त स्वभावले गर्दा गाईलाई

---

[९] प्रवीण अधिकारी, *सनातन हिंदू धर्ममा गाईको महत्वको रहष्य,* http://kraantivir.blogspot.com/2018/03/blog-post_50.html (अन्तिम पटक अवलोकन गरिएको माघ ५, २०८१) (हेर्नुहोस् - ९८ अध्याय, गरुड पुराण)।

[१०] रूपेश कार्की (वट्री प्रयास), *गाईको इतिहास, शास्त्रीय मान्यता र संस्कार, महत्त्व, प्रयोग र वैज्ञानिक तथ्यहरू* (२०७९ कार्तिक ७) *https://www.enepalese.com/२०२२/१०/३६१३१०.html (visited on 18 March 2025)*

[११] डा. गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन २८८ (२०५३).

मानिसको सबैभन्दा नजिकको र ठूलो मित्रका रुपमा लिइने गरेको पाइन्छ। गाईजस्तो शान्त, सौम्य र मधुर स्वभाव भएको पशु अरू कतै भेटिंदैन। गाईको उज्ज्वल, शान्त र ध्यानमग्न नेत्रहरूले संसारलाई अवलोकन गर्ने गाईको रूपमै एक प्रकारको दिव्यता समाहित छ। गाईको अस्तित्वमा एक अद्भुत महानता र भव्यता झल्किन्छ। गाईमा मातृत्वको भाव पूर्ण रूपमा समाहित छ, र त्यसको मानिससँगको सम्बन्ध पनि आमासँगको सम्बन्ध जस्तै गहिरो र आत्मीय छ" भनिएको छ।[१२] त्यस्तै गाई मानव जातिको बन्धु र मानिस गाईहरूको साथी हुन्, जुन घरमा गाई हुँदैन, त्यो घर वास्तवमा बन्धुहीन हुन्छ[१३] भनिएको पाइन्छ। गाईको महत्त्वको बारेमा विदेशी दर्शनशास्त्रीहरुले पनि वर्णन गरेको देखिन्छ। वर्ड्सवर्थ, टाल्स्टाय तथा मिलो हेस्जिरज जस्ता थुप्रै अन्य लेखकहरूले आफ्ना लेखहरूमा गाईलाई मानव जातिको 'गूंगी आमा' र 'दूध खुवाउने आमा' भनेर उल्लेख गरेको पाइन्छ। कुनै पनि विज्ञानले वा कुनै पनि राष्ट्रले अहिलेसम्म गाईको दूधको स्थानमा कुनै नयाँ आहार तत्व तयार गर्न सकेको छैन, र यदि तयार गरेको भए पनि त्यसबाट राष्ट्रको स्वास्थ्य र क्षमतामा लाभको सट्टा हानी नै पुगेको छ। यही कारण हो कि गाईको महिमा संसारभर सर्वत्र छ भनी चर्चा गरिएको पाइन्छ।[१४] त्यस्तै गाईलाई "समृद्धिको जननी" (*Cow, the mother of prosperity*) अथवा "मानव जातिको धायमाता" (*Foster-mother of mankind*) भनेर सम्मान गरेको पाइन्छ।[१५]

२०. गाईलाई सुख समृद्धिको प्रतीकका रूपमा पनि हेरिन्छ र लक्ष्मी (धनकी देवी) का रूपमा पूजासमेत गरिन्छ। "कुनै पनि जाति वा देशले गाई बिना उच्च सभ्यंता प्राप्त गर्न नसकेको तथा पृथ्वीमा सबैभन्दा उत्कृष्ट पोषण गाईले नै प्रदान गर्दछ। गाईबिना खेती स्थिर र समृद्ध हुन सक्दैन, न त मानिसहरू सुखी र स्वस्थ हुन सक्छन्। जहाँ गाईको उचित हेरचाह गरिन्छ, त्यहाँ संयमता बढ्छ, भूमि उर्वर हुन्छ, घरहरू राम्रो बन्छन् र मानिसहरूको ऋणसमेत मेटिन्छ। यही कारण गाईलाई 'कामधेनु' भनिन्छ"[१६] भनिएको छ। गाईमा दुई विशेष पक्ष समाहित हुन्छ, एक, प्रगति (Efficiency-Progressiveness) र अर्को, पोषण (Beneficency-Thrifty, Kindness), यी दुवै पक्षमा गाईको अद्भुतता समेटिएको छ।[१७] गाई र अन्य पशुहरूलाई धनको रूपमा मूल्यवान् मान्ने परम्परा प्राचीनकालदेखि नै चलि आएको देखिन्छ। जसको उदाहरणका रूपमा अङ्ग्रेजी भाषाको "Pecuniary" शब्द प्रस्तुत गर्न सकिन्छ। यो शब्द ल्याटिन भाषाको "Pecus" बाट आएको हो, जसको अर्थ "पशु" हुन्छ। प्रारम्भमा यसको अर्थ "पशुसम्बन्धी" भए तापनि पछि यसले "अर्थसम्बन्धी" अर्थ ग्रहण

---

[१२] ऐ.( गोमाता), पृष्ठ ५५६ मा लेखक श्रीवाल्टर ए.डामर ( अवर डम्ब एनिमल्स, अमेरिका)

[१३] ऐ. पृष्ठ ३०१ (पद्मपुराण.सृष्टि ४८।१५६)

[१४] ऐ.पृष्ठ १९५ मा ( भारतका गोधन, एक महान् राष्ट्रिय निधि, लेखक-श्रीयुत राववहादुर जयन्तीलाल एन. मानकर)

[१५] ऐ.पृष्ठ १९० मा (गो-पर्याय, लेखक-श्रीयुत आशुकुमार)

[१६] ऐ.(गाय सुख-समृद्धिकी जननी है), पृष्ठ ४७५ मा लेखक ,राल्फ ए. हेइने

[१७] ऐ. पृष्ठ २९१ मा (जगती, लेखक-श्रीयुत डाहालाल गरगोविन्द जानी)

गरेको देखिन्छ[१८]। प्राचिनकालमा जोसँग धेरै गाई हुन्थ्यो, त्यही मानिसहरु धनीमानी मानिन्थ्यो। गाईको यो महत्त्वपूर्ण स्थानले नै यसलाई मानव सभ्यता र समृद्धिको अभिन्न अङ्ग बनाएको पाइन्छ। त्यस्तै सनातन धर्ममा गाईलाई सबै धनधान्यका मूल स्रोतका रुपमा हेरिएको छ जहाँ पैसा, सिक्का जस्ता सम्पत्तिलाई गौण सम्पत्तिको रुपमा राखि गाईलाई सम्पूर्ण धनसम्पत्तिको आधार हो[१९] भनिएको छ। श्रीमद् भागवत गीतामा आर्थिक विकासको आधारभूत सिद्धान्त भूमी र गाईमा केन्द्रित रहेको हुन्छ, यी दुई कुराले मात्रै मानिसको खानेकुराको समस्या समाधान गर्नसक्छ... प्रगतिशील मानव सभ्यता ब्राह्मण संस्कृतिमा, भगवानको चित्तबोध र गाईको संरक्षणमा आधारित छ" [२०] भनिएको पाइन्छ। गाईको सामाजिक तथा आर्थिक महत्त्वका साथसाथै गाईले दिने दूध तथा दूधजन्य पदार्थ मानव स्वास्थ्य र खाद्यको दृष्टिकोणले पनि महत्त्वपूर्ण मानिन्छ।

२१. गाईको दूधलाई सबैभन्दा पौष्टिक आहारको रुपमा लिइन्छ। गाईको दूधभन्दा ठूलो कुनै जीवन बढाउने आहार छैन भनिएको छ।[२१] गाईको दूधलाई अमृतको रुपमासमेत लिएको पाइन्छ।[२२] अथर्ववेदमा भनिएको छ, गाईहरू! तिमीहरू दुब्लो पातलो व्यक्तिलाई हृष्टपुष्ट बनाउँछौ र तेजहीनलाई सुन्दर देखिने बनाउँछौ। यति मात्र होइन, तिमीहरू आफ्ना मङ्गलमय स्वरले हाम्रा घरहरूलाई पनि शुभ र मङ्गलमय बनाउँछौ।[२३] त्यस्तै जुन व्यक्तिलाई पर्यास मात्रामा पौष्टिक पदार्थ खानलाई उपलब्ध हुँदैन, त्यस्ता मानिसहरूलाई दैनिक गाईको दूध सेवन गर्न दिइएमा उनीहरूको स्वास्थ्य उन्नति र शारीरिक वृद्धि ठीक प्रकारले हुन्छ[२४] भनिएको छ। व्यक्तिको जीवनलाई लामो बनाउन, मस्तिष्क विकास गर्न प्रचुरमात्रामा गाईको दूध पिउनु पर्दछ भनिएको छ।[२५] आयुर्वेदले गाईको दूधलाई स्वास्थ्यका लागि परम हितकर बताएको देखिन्छ।[२६] अमेरिकाका प्रसिद्ध लेखक बर्नार्ड म्याकफेडेनले "Miracle of Milk" (दूधको चमत्कार) नामक पुस्तकमा गाईको दूधलाई सर्वोत्तम आहार तथा सबैभन्दा मूल्यवान् खाना[२७] भनी उल्लेख गरेको पाइन्छ। दुग्धचिकित्सा अर्थात् गाईको दूध तथा दूधबाट बन्ने दही, मक्खन, घिउ जस्ता पदार्थहरू पिउँदा धेरै प्रकारका रोगहरू[२८] निराकरण

---

[१८] ऐ. पृष्ठ १७६ मा ( आर्यसाहित्यमें गौका गौरव, लेखक- देवर्षि भट्ट पं. श्रीमथुरानातजी शास्त्री)

[१९] ऐ.पृष्ठ ६४७; प्रे. श्रीसूरजमल गट्टानी

[२०] ISKCON Ministry of Cow Protection and Agriculture & The International Society for Cow Protection, Inc., *Cow Protection Book 1*, at 17

[२१] ऐ. पृष्ठ ४४२ मा (सभी प्रकारके दुग्ध और विशेषकर गो-दूग्धके महत्त्वपर कुछ प्राचीन आयुर्वेदिक ग्रन्थोंकी सम्मति, लेखक-श्रीयु पी .के . गोडेद्वारा कश्यप-संहिताबाट उदहरण गरिएको)

[२२] ऐ. पृष्ठ ४३६ मा ( भारतीय आहारमें दूध तथा दुग्धान्नोंका स्थान, लेखक- श्रीयुत प्रोफेसर बी.ए.व्यास)

[२३] ऐ. पृष्ठ १६ (गो सुक्त, अथर्ववेद ४.२१ बाट उद्धृत गरिएको)

[२४] ऐ. पृष्ठ ४४९ मा ( स्वास्थ्यरक्षका सरल और सर्वमान्य उपाय,लेखक-समपादक महोदय गोरक्षण मा, डब्लू . एम . फ्रेजर, असिस्टेट मेडिकल आफिसर आफ हेल्थ, ब्लैकबर्न)

[२५] ISKCON Ministry of Cow Protection and Agriculture & The International Society for Cow Protection, Inc., *Cow Protection Book 1*, at 10 ( श्रीमत भादवत गीता, अध्याय ८.६.१२ बाट उद्धहरण गरिएको)

[२६] ऐ. पृष्ठ १६७ मा(गोरक्ष और हमारा कर्तव्य, लेखक-डा. श्रीदुर्गाशङ्करजी नगर)

[२७] Bernarr Macfadden, *The Miracle of Milk* 1 (Macfadden Publ'n Inc. 1924).

[२८] ऐ. गव्य पदार्थो गुण और रोगनाशके लिये उनका उपयोग, पृठ ४५३-४५७ (यसले बुद्धि, प्रज्ञा, मेधा, कफ, तुष्टि, पुष्टि, वीर्य र शुक्र बढाउँछ; आयु दृढ बनाउँछ; हृदयको लागि लाभदायक, रसायनयुक्त, गुरुत्वयुक्त, पुरुषत्व प्रदान गर्ने र सौम्य नुनिलो स्वादको हुन्छ। गाईको दूधले वात, पित्त, विष, वातरक्त,

हुन्छ भनिएको पाइन्छ। त्यस्तै भारतीय औषधि विज्ञानका सुप्रसिद्ध संस्थापक चरकले आफ्नो ग्रन्थमा लेखेका छन्- 'दूध सामान्य रूपमा मानिस तथा सम्पूर्ण चौपाया जनावरहरूको स्वास्थ्य र विकासका लागि आवश्यक हुन्छ। गाईको दूध सबैभन्दा राम्रो हुन्छ। यसले बच्चाको जीवन, जवानको स्वास्थ्य र वृद्धको शक्ति प्रदान गर्छ भनेका छन्। यसैगरी, ब्रिटिश मेडिकल रिसर्च काउन्सिलले घोषणा गरेको छ कि, गाईको शुद्ध ताजा दूध सबैभन्दा लाभदायक र विश्वासिलो पोषक तत्वहरूले भरिपूर्ण हुन्छ, जसमा लाभदायक ब्याक्टेरिया जीवाणुहरू तथा अन्य स्वास्थ्यवर्द्धक तत्वहरू हुन्छन्[२९] भनिएको छ। गाईको दूध तथा दूधजन्य पदार्थको जति महत्त्व रहेको छ त्यति नै महत्त्व गाईको गोबर र गौमूत्रमा पनि रहेको पाइन्छ।

२२. हिन्दू धर्ममा गाईको गोबरलाई पवित्र मानिने भएकाले गाउँघरतिर माटोको घरमा खाना खाइसकेपछि गाईको गोबरले भुइँ लितपोत गरी शुद्ध गर्ने प्रचलन छ। गाईको गौमूत्र र गोबर अशुद्धिरहित छन्, गाईको मूत्र र गोबरको महत्त्व रहेको कारण, हामी कल्पना गर्न सक्छौं कि यो जनावर मानव सभ्यताका लागि कति महत्त्वपूर्ण छ[३०] भनिएको छ। स्कन्दपुराणमा गोबरमा परम पवित्र सर्वमङ्गलयमी श्रीलक्ष्मी नित्य निबास गर्नुहुन्छ[३१] भनिएको छ। शुभकार्य गर्नु अघि पूजा गर्ने ठाउँमा गोबरले पोतेर शुद्ध गरिन्छ भने नागपूजा वा देवताको पूजा गर्दा गोबरको कुण्ड बनाई त्यसमै भगवानलाई दूध चढाउने परम्परा रहेको पाइन्छ। गोबरको धार्मिक तथा सांस्कृतिक महत्त्वसँगै अन्य महत्त्व पनि रहेको छ, जस्तै यसले दुर्गन्ध हटाउनुका साथै रोग कीटाणुहरू नष्ट गर्ने गुण राख्छ।[३२] मानिसको सम्पूर्ण शरीरमा गोबर लगाएर घाममा बस्दा खाज, खुजली लगायतका छालासम्बन्धी रोग तथा अन्य रोगहरु[३३] नष्ट हुने विश्वास छ। विधिपूर्वक गोमूत्र सेवन गर्दा शरीरको बढेको तापक्रम र पेटका कीरा नष्ट हुनुका साथै लिभर र प्लीहाको (Spleen) वृद्धि कम भई ती अङ्गहरू पुनः सक्रिय हुने मान्यता छ।[३४] फोको, घाउ, मोच आदि समस्यामा सुक्खा गोबरको पुल्टिस निकै प्रभावकारी हुन्छ, भनिएको पाइन्छ। आयुर्वेदका अग्रज चरक र सुश्रुतले पनि यसको धेरै प्रशंसा गरेका छन्। इटलीका प्रो.जी.ई. वेरनर्डका अनुसार 'यक्ष्मा (क्षयरोग) र मलेरियाका सूक्ष्म रोगाणुहरू सुक्खा गोबरको गन्धबाट नष्ट हुन्छन्[३५] भनिएको छ। गोबर र गोमूत्रमा मेन्थल (menthol), ह्यामोनिया (ammonia), फिनोल (phenol), इन्डोल (indol), र फार्मेलिन

---

जलन, रक्तपित्त, अतिसार, उदावर्त, भ्रम, कास, मद, श्वास, मानसिक तनाव, पुरानो ज्वर, हृदयरोग, तिर्खा, पेटका रोगहरू, अपस्मार, मूत्रकृच्छ, गुल्म, बवासीर, प्रवाहिका, पाण्डुरोग, पेटको पीडा, अम्लपित्त, क्षयरोग, अति श्रम, पाचन समस्याहरू, गर्भपात, योनिरोग र वातजन्य रोगहरूको नाश गर्छ।)

२९ ऐ. पृष्ठ १९६ मा ( भारतका गोधन, एक महान् राष्ट्रिय निधि, लेखक-श्रीयुत रावबहादुर जयन्तीलाल एन. मानकर)

३० ISKCON Ministry of Cow Protection and Agriculture & The International Society for Cow Protection, Inc., *Cow Protection Book I*, at 16

३१ ऐ.पृष्ठ ७१ मा, स्कन्दपुराण अ.रे. ८३।१०८ बाट उद्धहरण गरिएको

३२ ऐ.पृष्ठ १८ (गोरक्षा ही प्रपञ्च-रक्षा है,)

३३ ऐ. गव्य पदार्थों गुण और रोगनाशके लिये उनका उपयोग, पृष्ठ ४५८ (त्यसैगरी, गाईको गोबरले दुर्गन्ध हटाउने, शुद्ध गर्ने, शोषण गर्ने, वीर्यवर्द्धक, पोषक, रसयुक्त, कान्तिवर्द्धक गुणहरू राख्छ। साथै, लेपनका लागि सुगन्धयुक्त र फोहोर आदि हटाउने विशेष गुणहरू पनि हुन्छन्)

३४ ऐ. पृष्ठ १६७ मा (गोरक्ष और हमारा कर्तव्य, लेखक-डा. श्रीदुर्गाशङ्करजी नगर)

३५ ऐ.पृष्ठ १९७-१९८ मा ( भारतका गोधन,एक महान् राष्ट्रिय निधि, लेखक- श्रीयु रावबहादुर जयन्तीलाल एन. मानकर)

(formalin) जस्ता तत्वहरू पाइने भएकाले यसले रोगाणुहरू नष्ट गर्नमा महत्त्वपूर्ण भूमिका खेल्छ।[३६] त्यस्तै आयुर्वेदमा पनि गोमूत्रबाट 'संजीवनी' समान औषधिहरूसम्म बनाइन्छ[३७] भनिएको पाईन्छ। गोमूत्रको पवित्रता भित्र रोगहरु[३८] नाश गर्ने गुणहरू छन्, जसलाई औषधि विज्ञानले पनि समर्थन गर्दछ। यसको बाहिरी र भित्री दुबै प्रकारको प्रयोग गरिन्छ। पेटको पीडा तथा अन्य विभिन्न रोगहरूमा यसको प्रयोग गरिन्छ। साथै, धातुहरूलाई शुद्ध गर्नमा पनि यसको व्यापक रूपमा प्रयोग गरिन्छ[३९] भनिएको छ।

२३. बेलफास्टका प्रोफेसर सिमर्स र अल्स्टरका प्रोफेसर कर्कले गोमूत्रको महत्त्वबारे धेरै प्रयोगहरू गरेको पाइन्छ। उनीहरूले पत्ता लगाएका छन् कि गोमूत्र रगतमा रहेका दूषित कीटाणुहरू नष्ट गर्न सक्षम हुन्छ र जीवित मांसपेशीहरूलाई कुनै हानि पुऱ्याउँदैन। यसले घाउहरूको विषाक्तता हटाउँछ र पुराना दोषका कारण रगतबाट संक्रमित घाउहरूमा बढ्दो पिपलाई रोक्छ भनिएको छ। अमेरिकाका डा. क्रोफोर्ड हेमिल्टन र म्याकिन्टोशलले प्रमाणित गरेका थिए कि बढ्दो हृदय रोगमा गोमूत्रको प्रयोगबाट सुधार हुन्छ। भारतमा मद्रास सरकारको स्वास्थ्य विभागका निर्देशक लेफ्टिनेन्ट कर्नल वेबका अनुसार, बच्चा जन्माउने समयमा सुक्खा गोबरको चूर्णको प्रयोग लाभदायक हुन्छ, र फोकोमा यसको पुल्टिस बाँध्दा त्यो विषाक्त हुँदैन। सुख्खा गोबरमा दूषित कीटाणुहरू नष्ट गर्ने अत्यन्त शक्तिशाली तत्वहरू पाइन्छन्।[४०]

२४. त्यस्तै गोबर र गौमूत्रको प्रयोग माटोको उर्वरा शक्ति बढाउन पनि प्रयोग गरिन्छ। नेपाल एक कृषि प्रधान देश रहेको र बहुसंख्यक नागरिकहरु[४१] कृषि पेशामा निर्भर रहेको पाइन्छ। खाद्यबाली उत्पादन, माटोको गुणस्तर तथा उर्वर भूमि बनाउन प्राङ्गारिक मलको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। कृषकहरुले माटोको उर्वराशक्ति धान्न तथा बालीनालीको उत्पादकत्व बढाउन प्रयोग गरेको विभिन्न प्राङ्गारिक मलका स्रोतहरुमा गोठेमल वा गोबर तथा गोमूत्रबाट बनेको मल महत्त्वपूर्ण तथा मुख्य स्रोत मानिन्छ।[४२] त्यस्तै गाई (रैताने वा लोकल गाई) बाट उत्पादित विभिन्न वस्तुको समिश्रणको (दूध, दही, घिउ, गोबर र गहुँत) मिसाएर बनाएको पञ्चगव्यको घोल विभिन्न प्रयोजनको रुपमा प्रयोग गरिन्छ। जस्तै मलको रुपमा, बिरुवाको भिटामिनको रुपमा, दूध दिने जनावरहरु तथा कुखुराको जैविक विकास

---

[३६] ऐ. पृष्ठ ३६५ मा (सुरभि-संगोपन, गोबरकी महत्ता,लेखक- श्रीसंगोप)

[३७] ऐ. पृष्ठ १७५ मा ( आर्यसाहित्यमें गौका गौरव, लेखक- देवर्षि भट्ट पं. श्रीमथुरानातजी शास्त्री)

[३८] ऐ. गव्य पदार्थो गुण और रोगनाशके लिये उनका उपयोग,, पृष्ठ ४५३-४५७(कफ, वायु, कुष्ठ, गुम, पेटका रोगहरू, पाण्डु, चित्री, पेटको पीडा, अर्श, छाला पोल्ने समस्या, दम, आम, भ्रम, ज्वर, वायुजन्य समस्या, खोकी, मल रोकिने समस्या, सुजन, मुखका रोगहरू, नेत्ररोग, छालासम्बन्धी रोगहरू, महिलाहरूमा हुने अतिसार र मूत्रसम्बन्धी रोगहरूको नाश गर्छ। सबै प्रकारका मूत्रहरूको तुलनामा गोमूत्रमा बढी गुणहरू पाइन्छन्)

[३९] ऐ.पृष्ठ १९७-१९८ मा ( भारतका गोधनं,एक महान् राष्ट्रिय निधि, लेखक- श्रीयु राववहादुर जयन्तीलाल एन. मानकर)

[४०] ऐ. पृष्ठ१९५ (भारतका गोधन, एक महान् राष्ट्रिय निदि, लेखाक: श्रीयुत राववहादुर जयन्तीलाल एन.मानकर)

[४१] नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय तथ्याङ्क कार्यालय, थापाथली, काठमाडौ , २०८०, राष्ट्रिय कृषि गणना, २०७८, पृष्ठ २४ (कृषि गणना २०७८ अनुसार नेपालमा कुल परिवार मध्ये ६२ प्रतिशत कृषक परिवार रहेको छ। त्यसमा गाई गोरु पाल्ने कृषकको संख्या १७ लाख ८ हजार छ भने उनीहरुले पालेका गाईगोरुको संख्या ४५ लाख ५९ हजार रहेको)

[४२] विष्णुकुमार घिताल, *सामे, प्राङ्गारिक मल प्रवर्द्धन तथा माटोको उर्वराशक्ति व्यवस्थापन*, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, आयोजना व्यवस्थापन एकाई, कृषि विभाग, VCDP Document No. 019-02, पृष्ठ १३ (२०७५)

सम्बर्द्धन गर्न साथै मानव स्वास्थ्यको लागि औषधीको लागि समेत प्रयोग गर्ने गरेको पाइन्छ। यो पदार्थको बारेमा वेद तथा वृक्षआर्युर्वेदमा पनि उल्लेख गरिएको छ।[४३] गाईको गोबर, गौमूत्रको प्राङ्गारिक मलको संयोजनले दिगो कृषि प्रणालीमा महत्त्वपूर्ण प्रभाव पार्दछ। गाईको गोबर र गौमूत्र पोषक तत्वहरू र लाभदायक सूक्ष्मजीवहरूका समृद्ध स्रोतहरू हुन्, जसका कारण यी तत्वहरू प्राङ्गारिक मल उत्पादनका लागि उपयुक्त सामग्रीका रूपमा उपयोग गर्न सकिन्छ। यस्तो संयोजनले माटोको उर्वराशक्ति बढाउने मात्र नभई स्वस्थ बोटबिरुवाको वृद्धि र विकासमा पनि सकारात्मक भूमिका खेल्छ, जसले दीर्घकालीन रूपमा कृषि उत्पादनमा सुधार ल्याउँछ[४४] भनिएको पाइन्छ।

२५. त्यस्तै गाईको गोबरको प्रयोगबाट धूपबत्ती तथा बत्ती बाल्ने दियो बनाउने गरिएको पाइन्छ। "गाईको गोबर प्रयोग गरी बनाइएको धूपबत्तीको सुगन्ध हवन गरेको जस्तो आउने, वातावरणका हिसाबले पनि राम्रो हुन्छ"[४५] भनिएको छ। गोबरको माग विश्वमा उच्च रहेको तथा भारत यसको प्रमुख निर्यातक रही विदेशी मुद्रा आर्जन गर्ने गरेको पाइन्छ। तथ्याङ्कले के देखाउँछ भने नेपालले पनि भारतबाट गोबर आयात गर्ने गरेको पाइन्छ।[४६] परम्परागत रुपमा गाईको गोबरबाट गुँइठा (गोबर सुकाएर बनेको वस्तु, जुन बाल्न प्रयोग गरिन्छ) इन्धनको रुपमा खाना पकाउन प्रयोग गरिन्छ। तर आधुनिक प्रविधिको विकाससँगै गाईको गोबरलाई बायोडाइजेस्टरमा प्रशोधन गरी बायोग्याँस उत्पादन गर्न सकिन्छ, जसले नवीकरणीय ऊर्जा उत्पादनमा योगदान पुर्‍याउने र हरितगृह ग्यास उत्सर्जन घटाउन मद्दत गर्छ। साथै, गोबर ग्यास निकालिसकिएको पदार्थ (Bi-product) लाई प्राङ्गारिक मलको रूपमा प्रयोग गरी माटोको उर्वराशक्ति वृद्धि गर्न र बाली उत्पादनशीलता सुधार गर्न सकिन्छ।[४७]

२६. गाईलाई धार्मिक, सांस्कृतिक, सामाजिक तथा आर्थिक दृष्टिले अत्यन्त महत्त्वपूर्ण मानिँदै आएको छ र यसै कारण यसको संरक्षण तथा सम्बर्द्धन परापूर्वकालदेखि नै गरिँदै आएको पाइन्छ। गरुण पुराणमा गाईवधलाई महापाप भनिएको छ। संस्कृतमा रहेको एक श्लोक *गोव्यायां तु दुर्बुद्धिर्बुद्धेः पुंसां द्विजोत्तम । सर्वेषां तु प्रणश्यन्ति गावो गौरक्षकाः स्मृताः ।।"* यसको अर्थ गाईलाई हानि पुर्‍याउनु कमजोर बुद्धि हुनेहरूको पहिचान हो, गाईको रक्षा गर्नेहरूलाई धर्मात्मा र जिम्मेवार व्यक्ति मानिन्छ। गाईको हत्या वा हिंसात्मक उपायद्वारा गोवंशको नाश गर्नु धार्मिक र आर्थिक दृष्टिले गलत हुन्छ।[४८] त्यस्तै गाईलाई लात हान्ने

---

[४३] रक्षा शर्मा, सुनिता पन्थी, रमेश बहादुर कार्की र हरिश खड्का, *पञ्चगव्य उत्पादन तथा प्रयोग,* कृषि विज्ञान संकाय, सुदूरपश्चिम विश्वविद्यालय, टीकापुर, कैलाली, https://lib.icimod.org/record/36606/files/HimalDoc2024_Panchagavya.pdf (last visited Mar. 20, 2025).

[४४] Reddy, A.V.V. and Menon, S. (2021). A study on role of Jeevamruth in natural farming: A replacement for synthetic fertilizers. Journal of Emerging Technologies and Innovative Research. 8(5): 89-93.(https://arccjournals.com/journal/bhartiya-krishi-anusandhan-patrika/BKAP696)

[४५] गाईको गोबरबाट धुपवत्ती र दियो बनाउन थालियो, (२१ असोज २०८०) I https://gorkhapatraonline.com/news/81177 (last visited Mar. 20, 2025).

[४६] https://www.seair.co.in/blog/cow-dung-export-data-from-india.aspx ( last visited at Mar.21 2025)

[४७] Kusmiyati Kusmiyati, Dewa Kusuma Wijaya & B.J. Ridwan Hartono, *Advancements in Biogas Production from Cow Dung: A Review of Present and Future Innovations*, E3S Web of Conferences, 040 ICENIS 2023 448 05 (2023).

[४८] ऐ.गोधन, पृष्ठ १७

कार्यलाई समेत दण्डनीय मानिएको थियो[४९] भने महाभारत कालमा ब्राह्मणको गाई चोर्ने, बाँझो गाईलाई हलमा जोत्ने र पशुहरूको अपहरण गर्ने व्यक्तिलाई आधा खुट्टा काट्ने सजाय दिनु उचित ठानिन्थ्यो[५०] भनिएको पाइन्छ। हिन्दू धर्ममा गोरक्षालाई प्रमुख कर्तव्य मानिएको छ र प्राचीन आर्यहरूले गोवंशको रक्षा गर्नु राज्य शक्तिहरूको प्रमुख दायित्वका रूपमा हेरिने गरिन्थ्यो।[५१] चन्द्रगुप्त मौर्यको शासनकालमा गाईवस्तुको संरक्षणका लागि राज्यले गाईहरूको निगरानी गर्न विशेष अधिकारी (अधिक्षक) नियुक्त गर्ने व्यवस्था गरेको थियो।[५२] त्यस समयमा देवताका नाममा परित्याग गरिएका जनावरहरू जस्तै गोरु, साँढे वा पोथी बाच्छीमाथि सवारी गरेमा ५०० पनाको जरिवाना गरिन्थ्यो र यदि ती जनावरहरूलाई लखेटेमा ५०० देखि १००० पनासम्मको दण्ड दिइन्थ्यो।[५३] त्यस्तै बाच्छा, दूध दिने गाई र साँढेलाई वध गर्न निषेध गरिएको थियो भने यस्ता जनावरहरूको हत्या वा यातना दिनेलाई कठोर सजाय गरिन्थ्यो। यदि कसैले गाई चोरी गरेमा वा त्यसलाई चोट पुऱ्याएमा मृत्युदण्डसम्मको सजायको व्यवस्था थियो। यसबाट के पुष्टी हुन्छ भने प्राचीनकालदेखि नै गाई संरक्षणलाई अत्यन्त महत्त्व मानिन्थ्यो र त्यसका लागि राज्यले कठोर कानून बनाएको पाइन्छ।[५४] त्यसैले "गाईको संरक्षण मानव समाजको सबैभन्दा महत्त्वपूर्ण कार्य हो, मानव र जनावरको जीवनको संरक्षण सरकारको पहिलो र प्रमुख कर्तव्य हो..."[५५] भनिएको पाइन्छ। यसरी धार्मिक दृष्टिकोणले मात्र होइन, आर्थिक, सामाजिक तथा सांस्कृतिक दृष्टिकोणबाट विश्लेषण गर्दा पनि गाई उत्तिकै उपयोगी र मानवका लागि अति आवश्यक प्राणी भएको देखियो। गाईको यसै महत्त्वलाई बुझेर प्राचिनकालदेखि नै गाई वध गर्ने कार्यलाई निषेध गरी कुनै न कुनै रुपमा राज्यले गाई संरक्षणको लागि कानूनी व्यवस्था गरी संरक्षण गरेको पाइयो। उल्लिखित लामो समयदेखि विकसित हुँदै आएको पूर्विय सभ्यतासंग जोडिएको धार्मिक, सांस्कृतिक र भावनात्मक सम्बन्ध तथा आर्थिक, सामाजिक कारणले गाईलाई नेपालको संविधाको धारा ९(३) ले समेत राष्ट्रिय प्रतिकको रुपमा राष्ट्रिय जनावर घोषणा गरेको मान्नुपर्ने देखियो।

२७. अब दोश्रो प्रश्न राष्ट्रिय जनावार, गाई संरक्षणको लागि के कस्तो कानूनी प्रबन्ध छ ? गाई संरक्षणका लागि छुट्टै वा थप कानूनी व्यवस्था गर्न आवश्यक हो, होइन ? भन्ने सम्बन्धमा हेर्दा, रिट निवेदकले गाई संरक्षणका लागि छुट्टै कानून निर्माण गर्न नेपाल सरकारका नाममा परमादेश जारी गरिपाउँ भनी दावी गरेकोमा विपक्षीहरुले भने गाई संरक्षणका लागि विद्यमान

---

[४९] ऐ. वेदोंमे गो-महिमा,, पृष्ठ ४९ मा, अथर्ववेद १३।१।५६ बाट उद्धृत गरिएको

[५०] ऐ. पृष्ठ २८५( महाभारत आ.१००।११८)

[५१] ऐ. पृष्ठ २९६मा ( गोमाताने क्या दिया और क्या पाया, लेखक-डाक्टर श्रीरामचरणजी महेन्द्र,द्वारा महाभारत.अनु.८३।१८-१९ बाट उदहर्ण गरिएको)

[५२] Krishna Nand Jha & Lalit Kumar Jha, *CHANAKYA THE PIONEER ECONOMIST* 96 (S.B. Nangia ed., APH Publishing Corp. 1997).

[५३] Ibid at 52, pg 101.

[५४] Ibid, at 53, pg 101-102

[५५] ISKCON Ministry of Cow Protection and Agriculture & The International Society for Cow Protection, Inc., *Cow Protection Book 1*, at 9

कानूनी व्यवस्था नै पर्याप्त भएकाले छुट्टै कानून बनाउनु आवश्यक नभएको भनी लिखित जवाफ फिराएको देखिन्छ। यस स्थितिमा निवेदकले उठाएको विषय राष्ट्रिय जनावर गाई संरक्षणका सम्बन्धमा विद्यमान नीतिगत तथा कानूनी व्यवस्थाको समेत अध्ययन गरी निरुपण गर्नुपर्ने देखियो।

२८. सर्वप्रथम, पछिल्लो समयमा समेत गाईको संरक्षणमा के कस्तो कानूनहरु निर्माण भएको रहेछ भनी हेर्नु सान्दर्भिक हुने देखियो। साविक मुलुकी ऐन,२०२० चौपायाको महलको १ नं. मा *मारौं भन्ने नियत लिई गाई, गोरु मार्न, मार्न लगाउन, मार्नाको उद्योग गर्न, सो नियतले विदेशमा लैजान वा लगी विक्री गर्न समेत हुँदैन* भन्ने कानूनी व्यवस्था रहेको थियो। ऐ.ऐनको चौपायाको महल ११ नं. मा *गाई गोरुको हत्या गर्नेलाई १२ वर्ष कैद हुने* भन्ने व्यवस्था थियो। नेपालको संविधान, २०१९ देखी हालसम्म संवैधानिक रुपमा नै गाई राष्ट्रिय जनावर हुने व्यवस्था रहेको पाइन्छ। २०१९ सालको संविधानको धारा ६ (२) मा *नेपालको राष्ट्रिय फूल लालीगुराँस, राष्ट्रिय रङ्ग सिम्रिक, राष्ट्रिय जनावर गाई र राष्ट्रिय पंछी डाँफे हो* भनी गाईलाई संवैधानिक मान्यता दिएको पाइन्छ। सो व्यवस्थालाई २०१९ सालपछि बनेका सबै संविधानमा समेत समावेश गरेको देखिन्छ। प्रजातन्त्र पूनःस्थापना पछि बनेको नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७(२) मा *नेपालको राष्ट्रिय फूल लालीगुराँस, राष्ट्रिय रङ्ग सिम्रिक, राष्ट्रिय जनावर गाई र राष्ट्रिय पंछी डाँफे हुनेछ* भन्ने र नेपालको अन्तरिम संविधान, २०६३ को धारा ७(२) मा *नेपालको राष्ट्रिय फूल लालीगुराँस, राष्ट्रिय रङ्ग सिम्रिक, राष्ट्रिय जनावर गाई र राष्ट्रिय पंछी डाँफे हुनेछ* भन्ने व्यवस्था रहेको थियो। हाल प्रचलित नेपालको संविधानमा गाई सम्बन्धी संवैधानिक व्यवस्था हेर्दा, *नेपालको संविधानमा नेपालको राष्ट्रिय फूल लालीगुँरास, राष्ट्रिय रंग सिम्रिक, राष्ट्रिय जनावर गाई र राष्ट्रिय पङ्क्षी डाँफे हुनेछ*[५९]" भन्ने व्यवस्था रहेको देखिन्छ। यो संवैधानिक व्यवस्थाले गाईलाई नेपालको राष्ट्रिय जनावरका रुपमा स्थापित गरेको देखियो।

२९. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को देहाय खण्ड (ण) मा कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी तथा ऐ. दफाको उपदफा (४) को देहाय खण्ड (ङ) को उपखण्ड (१), (१०) र (१५) मा वन्यजन्तुसम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन, वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण, व्यावसायिक पालन, उपयोग र अनुगमन तथा स्थानीयस्तरमा वन, वन्यजन्तु तथा चराचुरुङ्गीको अभिलेखाङ्कन र अध्ययन अनुसन्धान, पशुपन्छी विकास तथा छाडा चौपायाको व्यवस्थापन गर्ने भन्ने व्यवस्था रहेको देखिन्छ। यो व्यवस्थाले स्थानीय सरकारले समेत गाईको संरक्षण र सम्बर्द्धन गर्न आवश्यक कानूनी व्यवस्था गर्नसक्ने देखियो। त्यसैगरी पशु बधशाला तथा मासु जाँच ऐन, २०५५ को दफा २ मा *"पशु" भन्नाले गाई, गोरु, साँढे बाहेक भाले जातको खसी तुल्याइएको वा नतुल्याइएको*

[५९] नेपालको संविधानको धारा ९ को उपधारा (३)।

*बोका, भेडा, च्याङ्ग्रा, सुंगुर, बंगुर, बँदेल, राँगो, खरायो वा मासुको लागि योग्य देखिएको भैंसी, बाखा, पोथी जातको भेंडा, च्याङ्ग्रा, सुंगुर, बंगुर, बँदेल वा खरायो सम्झनु पर्छ र सो शब्दले भाले वा पोथी जातको कुखुरा, हाँस, परेवा वा मासुको प्रयोजनको लागि पालिएको अन्य पशुपन्छी समेत सम्झनु पर्छ* भन्ने व्यवस्था गरी राष्ट्रिय जनावर गाईलाई पशुको परिभाषाभन्दा बाहिर राखेबाट पनि राज्यले गाईलाई राष्ट्रिय प्रतीकको रुपमा संरक्षण गर्न कानूनी व्यवस्था गर्नू जरुरी रहेको प्रष्ट हुन्छ। साविकको मुलुकी ऐन, २०२० को चौपाया महलको १ नं. मा- मारौं भन्ने नियत लिई गाई गोरु मार्न, मार्न लगाउन समेत नहुने भनी गाई संरक्षणको कानूनी व्यवस्था गरेकोमा हाल मुलुकी अपराध संहिता, २०७४ को दफा २८९ मा गाई, गोरु मार्न वा कुट्न नहुने शीर्षकको उपदफा (१) मा *कसैले गाई वा गोरु मार्ने वा कुनै चोट पुऱ्याउने नियतले कुनै काम गर्नु वा गराउनु हुँदैन* भन्ने उपदफा (२) मा *उपदफा (१) बमोजिमको कामबाट कुनै गाई वा गोरु मर्न गएमा त्यस्तो कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद हुनेछ* भन्ने र उपदफा (३) मा *कसैले गाई वा गोरुलाई कुटी अङ्गभङ्ग पारेमा निजलाई छ महिनासम्म कैद र अन्य चोट पुऱ्याएमा पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ* भन्ने व्यवस्था रहेको देखिन्छ। त्यसै गरी, सोही संहिताको दफा २९० मा पशुपन्छीप्रति निर्दयी व्यवहार गर्न नहुने शीर्षकको उपदफा (१) मा *कसैले कुनै पशुपन्छीलाई कुटी, हिर्काई वा बोक्न सक्ने क्षमताभन्दा बढी भारी बोकाई वा सामर्थ्यभन्दा बढी दौडाई वा रोग, घाउ, खटिरा वा अन्य कुनै कारणबाट काम गर्न असमर्थ भएकोलाई काममा लगाई वा हानिकारक वस्तु सेवन गराई वा अन्य कुनै प्रकारले यातना दिन वा आफूले पालेको पशुपन्छी रोगी वा वृद्ध भएको कारणले सार्वजनिक रुपमा छाड्न वा अन्य कुनै किसिमबाट निर्दयी वा क्रुर व्यवहार गर्न हुँदैन।...,* उपदफा (२) मा *उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ* भन्ने व्यवस्था भएको देखिन्छ। यसबाट गाईलाई समेत मार्न काट्न वा निर्दयी व्यवहार गरेमा त्यस्तो कार्यलाई अपराधीकरण गरी सजायको समेत व्यवस्था गरेको देखिन्छ। मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद १८ को करणीसम्बन्धी कसूरको दफा २२७ ले पशुकरणी गर्न नहुने शीर्षकमा उपदफा (१) मा *कसैले पनि पशु करणी गर्नु वा गराउनु हुँदैन। उपदफा (२) मा उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई गाईको करणी गरे वा गराएको भए दुई वर्षसम्म कैद र बीस हजार रुपैयाँसम्म जरिवाना र अन्य पशु करणी गरे वा गराएको भए एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ* भन्ने व्यवस्था रहेको देखिन्छ। यो व्यवस्थाले समेत पशु करणीमा हुने सजायको दोब्बर सजाय गाईको कग्णीमा हुने व्यवस्था गरी विधायिकाले गाईलाई अरु पशुभन्दा विशेष रुपमा हेरेको देखियो।

३०. नेपालको संविधानको अनुसूची-९ ले कृषि क्षेत्र संघ, प्रदेश तथा स्थानीय सरकारको साझा अधिकार सूचीभित्र राखेको पाइन्छ। नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले

प्रदेश तथा स्थानीय सरकारलाई कृषि क्षेत्रमा सशर्त, वित्तीय हस्तान्तरण गर्न "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि,२०८१"[५७] जारी गरेको देखिन्छ। सो कार्यविधिको दफा १०.३.३ मा गौशाला निर्माण कार्यक्रम/गौशाला निर्माण तथा सुदृढिकरण/गौशाला पूर्वाधार सुदृढिकरण तथा सामुदायिक पशु व्यवस्थापन तथा कल्याण गर्न देहायको कार्यक्रम सञ्चालन गर्नुपर्ने छः

क) गौशाला तथा काञ्जी हाउसको लागि भौतिक पूर्वाधार निर्माण, बारबन्देज तथा आवश्यक उपकरण तथा सामाग्री व्यवस्थापन,

ख) पशु वस्तुको आहारको लागि घाँस लगाउने, मिनरल, पराल दाना लगायतका आहारा व्यवस्थापन,

ग) औषधी उपचार, खोप तथा रोग नियन्त्रण,

घ) मलमूत्र व्यवस्थापन, गोबर ग्यास प्लाण्ट, कम्पोष्ट पिट निर्माण,

ङ) गौशालामा आएका पशु पहिचान तथा अभिलेखीकरण,

च) गौशालामा व्यवस्थापन गरिएका गाईलाई आवश्यकता अनुसार विशेष उपचार गरी प्रजननयोग्य बनाई समुदायमा पालनको लागि वितरण गर्ने भन्ने व्यवस्था अनुरुपका कार्यका लागि केन्द्र सरकारले प्रदेश तथा स्थानीय सरकारलाई सशर्त तथा वित्तीय हस्तान्तरण गर्न सक्ने देखिन्छ।

३१. त्यस्तै नेपालको संविधानको अनुसूची-६ मा कृषि तथा पशु विकास प्रदेशको एकल अधिकार सूची भनी उल्लेख गरिएको छ। सो व्यवस्था बमोजिम मधेश प्रदश सरकार [५८] तथा सुदूरपश्चिम प्रदेश सरकारले[५९] गौशाला निर्माण तथा व्यवस्थापन गर्ने कार्यविधि जारी गरेको पाइन्छ। त्यस्तै लुम्बिनी प्रदेश सरकारले छाडा चौपाया व्यवस्थापनका लागि स्थानीय तहसँगको समन्वयमा गौशाला निर्माण तथा सञ्चालनमा सहयोग कार्यक्रम अन्तर्गत गौशालाहरुलाई अनुदान प्रदान गर्ने गरेको पाइन्छ। नेपालको संविधानको अनुसूची-८ मा कृषि तथा पशुपालन स्थानीय सरकारको एकल अधिकारक्षेत्र भित्र राखेको पाइन्छ। यही अधिकार प्रयोग गरी वीरेन्द्रनगर नगरपालिका[६०], भीरकोट नगरपालिका[६१], तिलोत्तमा नगरपालिका[६२], सिस्ने गाँउपालिका[६३], बबई गाँउपालिका[६४], लमही नगरपालिका[६५], जनकपुरधाम उपमहानगरपालिका[६६], कृष्णपुर नगरपालिका[६७], बारबर्दिया नगरपालिका[६८] ,बुटवल

[५७] http://dls.gov.np/rules.pdf

[५८] गौशालाहरुको पूर्वाधार निर्माण तथा सहयोग कार्यक्रम संचालन कार्यविधि,२०७५

[५९] सामुदायिक छाडा पशु कल्याण प्रवर्द्धन गर्न गौशाला निर्माण तथा व्यवस्थापन कार्यक्रम सञ्चालन कार्यविधि,२०७६

[६०] सामुदायिक पशु व्यवस्थापन कार्यविधि,२०७९

[६१] छाडा चौपाय नियन्त्रण तथा व्यवस्थापन कार्यविधि,२०७५

[६२] छाडा पशु चौपाय नियन्त्रण तथा व्यवस्थापन कार्यविधि,२०७५

[६३] छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन निर्देशिका, २०७७

[६४] छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन निर्देशिका, २०७५

[६५] छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन निर्देशिका,२०७७

[६६] छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन निर्देशिका,२०७५

उपमहानगरपालिका[६९], राजविराज नगरपालिका[७०], बराहक्षेत्र नगरपालिका[७१], सिस्ने गाउँपालिका[७२], गेरुवा गाँउपालिका[७३], भिमदत्त नगरपालिका[७४], रासी सोनारी गाउँपालिका[७५], रंगेली नगरपालिका[७६], कर्जनहा नगरपालिका[७७], बेदकोट नगरपालिका[७८], शिवराज नगरपालिका[७९], धर्मदेवी नगरपालिका[८०] लगायतका स्थानीय तहका सरकारले पशुकल्याण र पशु अधिकारको संरक्षण, सम्बर्द्धन तथा मानवीय कार्यबाट पशुपन्छीहरुमा पर्ने नकारात्मक असर न्यूनीकरण गर्न, जैविक विविधता कायम गर्न सामुदायिक छाडा तथा बेवारिसे पशुको व्यवस्थापन गर्न गौशालाको स्थापना गरी सञ्चालन गर्न कार्यविधि तथा निर्देशिका जारी गरेको देखिन्छ।

३२. यी स्थानीय तहले जारी गरेको छाडा पशु चौपायाको व्यवस्थापन गर्न बनाएको कार्यविधि तथा निर्देशिकामा छाडा पशु चौपायाको व्यवस्थापन गर्न आवश्यक पर्ने गौशाला निर्माणका लागि सार्वजनिक, सरकारी वन, पर्ती जमिन, सामुदायिक वन, खोला नदी किनार, तटीय क्षेत्र आदिमा कान्जी हाउस व्यवस्थापन गर्न स्थानीय सरकारले व्यवस्था मिलाउनु पर्नेछ भन्ने व्यवस्था राखिएको पाइन्छ। यसरी केही स्थानीय तहले छाडा गाईबस्तु संरक्षण गर्न गौशाला निर्माण गर्न कार्यविधि तथा निर्देशिका जारी गरेको देखिए पनि राष्ट्रिय जनावर गाईको संरक्षण तथा सम्बर्द्धन गर्ने कार्यमा नेपाल सरकार (संघ) को प्रमुख एवं समन्वकारी नेतृत्वदायी भूमिका रहने देखिन्छ।

३३. नेपालको संविधानले गाईलाई राष्ट्रिय जनावर भनी स्थापित गरेकोले गाईको संरक्षण र सम्बर्द्धन गर्नु राज्यको मूल दायित्व हुने देखियो। त्यसैगरी नेपालको संविधानको अनुसूची-५ संघको अधिकार सूचीको क्र.सं.३५ मा कुनै तहलाई प्रष्ट रुपमा नतोकिएको कार्यभार संघको जिम्मेवारी हुने भने बमोजिम राष्ट्रिय जनावर गाईको संरक्षण सम्बन्धमा आवश्यक संघीय कानूनी व्यवस्था गर्ने कार्यभार संघको कार्य क्षेत्रमा पर्ने देखियो। नेपालको संविधानको अनुसूची-६ को प्रदेश अधिकारको सूचीको क्र.सं.२० मा कृषि तथा पशु विकास सम्वन्धी कार्य प्रदेशको समेत जिम्मेवारीमा रहेको देखियो। नेपालको संविधानको अनुसूची-८

---

[६७] छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन निर्देशिका,२०७४
[६८] बारवर्दिया नगरपालिका गौ नन्दी नियन्त्रण तथा व्यवस्थापन कार्यविधि,२०७९
[६९] गौशाला व्यवस्थापन तथा सञ्चालन कार्यविधि,२०७९
[७०] छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन निर्देशिक,२०७९
[७१] छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन कार्यविधि,२०७६
[७२] छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन गर्न बनेको निर्देशिका २०७७
[७३] छाडा चौपाया तथा व्यवस्थापन कार्यविधि,२०७८
[७४] छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन निर्देशिका, २०७४
[७५] छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन निर्देशिका, २०८०
[७६] छाडा पशु चौपाया नियन्तण तथा सडक फुटपाथ व्यवस्थापन कार्यविधि,२०८०
[७७] चौपाया संरक्षण तथा व्यवस्थापन ऐन,२०७७
[७८] छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन निर्देशिक,२०७४
[७९] छाडा पशु चौपाया संरक्षण तथा व्यवस्थापन ऐन,२०८१
[८०] चौपाया संरक्षण तथा व्यवस्थापन ऐन,२०७६

क्रमसंख्या १५ ले कृषि तथा पशुपालन सम्बन्धी कार्यभार स्थानीय तहको अधिकार सूचीमा रहेको देखिन्छ। तथापि राष्ट्रिय जनावर गाई संरक्षण र प्रवर्द्धनका लागि छुट्टै कानूनी व्यवस्था भएको नदेखिएको कारण सो सम्बन्धमा देश भरीका लागि छाता संघीय कानून संघीय सरकारको तत्परतामा तर्जुमा गरि लागु गरीएमा हाम्रो मौलिकतासंग प्रत्यक्ष जोडिएको राष्ट्रिय जनावर गाईको संरक्षण र प्रवर्द्धनमा यो प्रभावकारी औजार बन्न सक्ने देखियो।

३४. गाईको संरक्षण तथा सम्बर्द्धनका लागि परापूर्वकालदेखि नै गौशालाहरु निर्माण गर्ने गरिएको पाइन्छ। स्कन्दपुराणमा उल्लेख गरिएको छ कि गोगृह सुदृढ, विस्तृत तथा समतल स्थलमा हुनु आवश्यक छ। गौशालामा चिसो हावा र घाम छिर्न दिनु हुन्न, साथै गाई बस्ने स्थानमा बालुवा ओछ्याएर कोमल बनाइनु पर्ने बताइएको छ।[८१] गौशालामा वृद्ध, अपाङ्ग, बिरामी, दुर्बल तथा अशक्त गाईहरू, असहाय गोरुहरू र यस्तै प्रकारका बाच्छा बाच्छीहरूको पालनपोषणको पूर्ण व्यवस्था हुनुपर्छ, जसबाट तिनीहरूले आफ्नो जीवनको अन्तिम श्वाससम्म सुखपूर्वक खानपान गरी बस्न सकून्।[८२] भारतमा ५००० भन्दा बढी गौशालाहरु[८३] सञ्चालनमा रहेको देखिन्छ। ती गौशालाहरु मध्ये धेरै जस्तो स्थानीय सरकार तथा केही निजी संस्था, धार्मिक संस्था[८४] तथा NGOs[८५]हरुले सञ्चालन गरेको पाइन्छ। छाडा गाईवस्तुको कारणबाट हुने सडक दुर्घटना रोकी मानिस तथा गाईबस्तुको स्वास्थ्यमा पर्ने जोखिन न्यूनिकरण गर्न, बाली नष्ट गर्ने समस्याले मानव-जनावर द्वन्द्व कम गर्न, छाडा गाईबस्तुले गर्ने फोहोरको व्यवस्थापन गर्न, बूढा, परित्याग गरिएका, अनुपयोगी, बाँझोपन भएका र अशक्त गाईहरूको वध रोक्न गौशालाहरू नै एक मात्र विकल्पका रूपमा रहेको छ भनिएको पाइन्छ।[८६]

३५. नेपालमा हिन्दु धर्मावलम्बी जनसंख्या बाहुल रहेको[८७] सन्दर्भमा हिन्दुहरूको धार्मिक आस्था र विश्वासको केन्द्रमा रहेको गाईलाई विशेष सम्मान प्रदान गर्दै आएको छ। माथि उल्लिखित धार्मिक, सांस्कृतिक, सामाजिक, आर्थिक र ऐतिहासिक पृष्ठभूमिलाई दृष्टिगत गर्दै नेपालको संविधानले गाईलाई राष्ट्रिय जनावरको रूपमा मान्यता दिँदै यसको संरक्षणको संवैधानिकं व्यवस्था गरेको छ। यद्यपि, व्यवहारमा सो संवैधानिक प्रावधानलाई कार्यान्वयन गर्न जिम्मेवार राज्यका सम्बन्धित निकायहरूले अपेक्षाकृत सक्रियता नदेखाएको कारण राष्ट्रिय जनावर गाईलाई छाडा छोड्ने प्रवृत्ति व्यापक रूपमा रहेको देखिन्छ। जसले विभिन्न सामाजिक तथा वातावरणीय समस्याहरू समेत निम्त्याएको छ। यस समस्याको दीर्घकालीन समाधानका लागि

---

[८१] ऐ.प्राचीन गोशालाएँ, एक किताब कीडा, पृष्ठ १८४

[८२] ऐ. पिंजरापोल और गोशाला, पृष्ठ १६१

[८३] **NITI Aayog**, *Production and Promotion of Organic and Bio Fertilisers with Special Focus on Improving Economic Viability of Gaushalas: The Task Force Report*, at 2 (Mar. 2023).

[८४] Ibid at 25,Pg 4-5

[८५] **Aaditya Bhatt & Chandni Joshi**, *Cow Protection Laws*, at 92, *Adhivakta Parishad Gujarat* (Bhatt & Joshi Assocs., Co-founders).

[८६] **Arvind Sharma** et al., *The Management of Cow Shelters (Gaushalas) in India, Including the Attitudes of Shelter Managers to Cow Welfare*, at 3, *Centre for Animal Welfare and Ethics, School of Veterinary Science, The University of Queensland* (2020).

[८७] नेपाल सरकार, राष्ट्रिय तथ्याङ्क कार्यालय, *राष्ट्रिय जनगणना २०७८*, पृ. १०२, https://censusnepal.cbs.gov.np/results/files/main-part-janaganana/janaganana.pdf.

छाता संघीय कानूनको मातहत देशव्यापी रुपमा वा सोको अभावमा संविधानले स्थानीय तहलाई दिएको अधिकार सूची अन्तर्गत कानून बनाइ स्थानीय तहहरूले अग्रसरता जनाई गौशालाहरूको स्थापना तथा विस्तारमा ठोस पहल गर्नु अपरिहार्य देखिंन्छ। यस्ता संरचनागत उपायहरूबाट छाडा गाईवस्तुको संरक्षण, पालनपोषण र व्यवस्थापन सहज रूपमा गर्न सकिन्छ। साथै त्यस्ता गाईवस्तुहरूबाट प्राप्त हुने दूध, गोबर, गोमूत्र आदि वस्तुहरूको वैज्ञानिक र व्यावसायिक उपयोगद्वारा स्थानीय स्तरमा रोजगारी सिर्जना गरी आर्थिक लाभ लिन सकिने सम्भावनासमेत रहन्छ। जसले राष्ट्रिय अर्थतन्त्रमा समेत सकारात्मक योगदान पुऱ्याउँछ।

३६. यसै विषयमा अन्य मुलुकको उदाहरण हेर्दा, भारतको संविधानको राज्यका नीति निर्देशक सिद्धान्त अन्तर्गत धारा ४८[८८] को व्यवस्था कार्यान्वयन गर्न भारतका अधिकांश राज्यहरुले गाई तथा गोरुको सुरक्षा तथा संरक्षण गर्न कानून निर्माण गरी गौ हत्यालाई अपराधीकरण गरेको पाईन्छ।[८९] संविधानको उक्त प्रावधानको पूर्ण परिपालना गराउन भारतको सर्वोच्च अदालतले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ। Mohd. Hanif Quareshi & Others vs The State Of Bihar को मुद्दामा भारतको सर्वोच्च अदालतका ५ जना न्यायाधीशको पूर्ण इजलासले गाई, भैंसी र साँढे (गाईवस्तु वा भैंसी) दूध दिन वा वृद्ध भएको वा प्रजनन गर्न वा भारी बोक्ने जनावरको रूपमा काम गर्न सक्षम नभएपछि तिनीहरूको वधमा पूर्ण प्रतिबन्ध लगाउनुलाई आम जनताको हित तथा गाईवस्तु काटमार गरी मासूको व्यापार गर्ने समुदायको (कसाईहरु) रोजगारीमा आघात पर्ने हुँदा उचित मान्न सकिँदैन भन्ने तर्कका आधारमा त्यस्ता गाईवस्तुहरुको काटमार गर्न अनुमति दिएको पाइन्छ।[९०] तर State of Gujarat vs. Mirzapur Moti Kureshi Kassab Jamat को मुद्दामा[९१] भारतको सर्वोच्च अदालतको ७ जना गठित न्यायाधीशको पूर्ण इजलासले गोवध पूर्ण प्रतिवन्ध हुने गरी बनाईएको कानून The Bombay Animal Preservation (Gujarat Amendment) Act,1994 संविधान सम्मत छ भन्ने फैसलामा विशेषत निम्न आधार तथा कारणहरु लिएको देखिन्छ। गाईको हत्यामा प्रतिबन्ध लगाउनु आम जनताको हितमा रहेको भनी "we are fully satisfied to hold that the ban on slaughter of cow progeny as imposed by the impugned enactment is in the interests of the general public within the meaning of clause (6) of Article 19 of the Constitution."[९२] भनेको पाइन्छ। त्यस्तै गाईवस्तुले दूध दिन वा प्रजनन गर्न वा भारी बोक्न नसक्ने वा वृद्ध भएपनि यसको अरु धेरै उपयोगीता हुन्छ भनी "After the cattle cease to breed or are too old to work, they still continue to give dung for fuel, manure and biogas

---

[८८] INDIA CONST. art. 48. (The State shall endeavor to organize agriculture and animal husbandry on modern and scientific lines and shall, in particular, take steps for preserving and improving the breeds, and prohibiting the slaughter of cows and calves and other milch and draught cattle)

[८९] Human Rights Watch, Violent Cow Protection in India: Vigilante Groups Attack Minorities 71-101 (2019).

[९०] Mohd. Hanif Quareshi & Others vs The State Of Bihar (And Connected ... on 23 April, 1958_AIR 731, 1959 SCR 629

[९१] State Of Gujarat vs Mirzapur Moti Kureshi Kassab Jamat & Ors on 26 October, 2005, case no:4937-4940 of 1998

[९२] Ibid at 91

and, therefore, they cannot be said to be useless" that cow and her progeny constitute the backbone of Indian agriculture and economy. The increasing adoption of non-conventional energy sources like Bio-gas plants justify the need for bulls and bullocks to live their full life in spite of their having ceased to be useful for the purpose of breeding and draught. Majority of the population is engaged in farming within which a substantial proportion belong to small and marginal farmer's category. Protection of cow progeny will help them in carrying out their several agricultural operations and related activities smoothly and conveniently. Organic manure would help in controlling pests and acidification of land apart from resuscitating and stimulating the environment as a whole".[९३] भनेको पाइन्छ। यस्तै त्यस्ता गाईवस्तुहरु राज्य वा संघ संस्थाहरुबाट सञ्चालन भएका गौशालाले उद्धार गरी त्यस गाईबस्तुबाट प्राप्त हुने गोबर तथा मुत्रबाट आर्थिक लाभ लिन सक्ने भनी "This is because it is generally believed that milk is the only commodity obtained from cows, which is useful and can be sold in exchange of cash. This notion is totally wrong. Cow yields products other than milk, which are valuable and saleable. Thus the dung as well as the urine of cow can be put to use by owner himself or sold to persons or organizations to process them. There are a good number of organizations (goshalas) which keep the cows rescued while being carried to slaughter houses. Very few of such cows are milk yielding. Such organizations use the urine and dung produced by these cows to prepare Vermi-compost or any other form of bio manure and urine for preparing pest repellents".[९४] उल्लेख गरेको पाइन्छ।

३७. सोही फैसलामा गाईवस्तुको वधमा प्रतिबन्ध लगाउँदा गाईवस्तु काटमार गरी मासुको व्यापार गर्ने समुदायको (कसाईहरु) रोजगारमा खासै कुनै असर नपर्ने तथा यदि यसले कसाईहरुको रोजगारीमा केही सामान्य असर परेको भए पनि, राष्ट्रको अर्थतन्त्र र सामाजिक आवश्यकताको हितमा यो प्रतिबन्ध उचित ठहरिएमा कसाईहरुलाई पर्ने साधारण असुविधालाई बेवास्ता गर्न सकिन्छ भनी "A beef contributes only 1.3% of the total meat consumption pattern of the Indian society. Butchers are not prohibited from slaughtering animals other than the cattle belonging to cow progeny. Consequently, only a part of their activity has been prohibited. They can continue with their activity of slaughtering other animals. Even if it results in slight inconvenience, it is liable to be ignored if the prohibition is found to be in the interest of economy and social needs of the country. There is no escape from the conclusion that the protection conferred by impugned enactment on cow progeny is needed in the interest of Nation's economy. Merely because it may cause 'inconvenience' or some 'dislocation' to the butchers, restriction imposed by the impugned enactment does not cease to be in the interest of the general public. The former must yield to the latter."[९५] भनिएको पाइन्छ।

३८. त्यस्तै भारतको इलाहावाद उच्च अदालतले गौहत्याको आरोप लागेका जावेद नामका व्यक्तिको मुद्दाको सुनुवाइका क्रममा गाईलाई राष्ट्रिय जनावर घोषणा गर्न, गाईको संरक्षणलाई मौलिक अधिकार भित्र राखी गाईलाई संरक्षण गर्नु भनी आदेश गरेको

---

[९३] Ibid at 91
[९४] Ibid at 91
[९५] Ibid at 91

देखिन्छ।[९६] भारतमा गाईको संरक्षण गर्न छुटै कानूनको आवश्यकता महशुस गरी THE COW PROTECTION BILL, 2019[९७] र THE INDIGENOUS COW PROTECTION BOARD BILL, 2019[९८] लोकसभामा दर्ता भएको देखिन्छ। त्यस्तै भारतमा Prevention of Cruelty to Animals Act, 1960 (PCA Act) गाईको संरक्षणको सन्दर्भमा विशेष महत्त्वपूर्ण मानिन्छ। यसले गाई लगायतका पशुपन्छीहरूलाई मानिसलाई जस्तै व्यवहार गर्न (Humane Treatment) का लागि कानूनी मापदण्डहरू स्थापना गर्दछ[९९] भनिएको छ। नेपाल, भारत, श्रीलङ्का, बर्मा समेतमा गाईको संरक्षण तथा सम्बर्द्धन गर्ने कानूनी व्यवस्था रहेको पाइन्छ।[१००]

३९. गाई संरक्षण तथा सम्बर्द्धनको सम्बन्धमा प्रचलित अन्तराष्ट्रिय कानूनका दस्तावेजहरु हेर्दा, World Organization for Animal Health भन्ने संस्थाले गाई र नवजात बाछाको कल्याण सुनिश्चित गर्न भुईं व्यवस्थापनजस्तै भुइँ, ओछ्यान, तापक्रम, ब्याउने खोर र सरसफाइले यिनीहरुको स्वास्थ्यमा महत्त्वपूर्ण प्रभाव पार्ने हुंदा यसमा ध्यान दिनु पर्दछ[१०१] भनिएको पाइन्छ। नेपाल सरकारले पनि पशुपन्छीको शारीरिक वा मानसिक भलाईको लागि पशु कल्याण निर्देशिका, २०७६[१०२] जारी गरेको पाइन्छ। Universal Declaration on Animal Welfare (UDAW) एक प्रस्तावित घोषणापत्रमा घरपालुवा तथा अन्य जनावरमाथि हुने क्रूरता रोक्न, उनीहरूको दुःख कम गर्न र पशु कल्याणका मापदण्डहरू तोकिनु पर्ने भन्ने उल्लेख गरिएको छ।[१०३] त्यस्तै बेलायतको एक संस्था Farm Animal Welfare Council को एक रिपोर्टमा घरपालुवा जनावरको कल्याणका लागि Five freedom (1. Freedom from Hunger and Thirst - by ready access to fresh water and a diet to maintain full health and vigour. 2. Freedom from Discomfort - by providing an appropriate environment including shelter and a comfortable resting area.3. Freedom from Pain, Injury or Disease - by prevention or rapid diagnosis and treatment. 4. Freedom to Express Normal Behaviour - by providing sufficient space, proper facilities and company of the animal's own kind. 5. Freedom from Fear and Distress - by ensuring conditions and treatment which avoid mental suffering)

---

[९६] **Declare Cow National Animal, Make Its Protection a Fundamental Right of Hindus: Allahabad HC**, India TV (Sept. 1, 2021), https://www.indiatvnews.com/news/india/allahabad-high-court-cows-big-remark-national-animal-cow-protection-fundamental-rights-hindus-full-verdict-730842 (last visited Feb. 17, 2025).

[९७] Loksbha, House of the People, Bill No.61 of 2019, https://sansad.in/ls/search (last visited Feb. 18, 2025).

[९८] Loksbha, House of the People, Bill No.176 of 2019, https://sansad.in/getFile/BillsTexts/LSBillTexts/Asintroduced/1184LS%20As%20Int...%20(1).pdf?source=legislation (last visited Feb. 18, 2025).

[९९] Adhivakta Parishad Gujarat, *Cow Protection Laws* 30 (Co-founders Bhatt & Joshi Associates).

[१००] Stewart, J. (2016). South Asia and Cow Protectionism. In: Thompson, P., Kaplan, D. (eds) Encyclopedia of Food and Agricultural Ethics. Springer, Dordrecht. https://doi.org/10.1007/978-94-007-6167-4_520-1 https://link.springer.com/referenceworkentry/10.1007/978-94-007-6167-4_520-1#citeas ( last visited on march 23, 2025)

[१०१] World Organisation for Animal Health, protecting animals, preserving our future; *Terrestrial Animal Health Code*, Vol. I, at 7.11.6 (28th ed. 2019), ISBN 978-92-95108-85-1.

[१०२] https://www.dls.gov.np/rules/pashu_kalyan_nirdeshika_1527152766-1669786760-1671432249.pdf

[१०३] https://europaregina.eu/business-ethics/animal-ethics/universal-declaration-on-animal-welfare/ (last visisted on March 23, 2025) ( The **Universal Declaration on Animal Welfare (UDAW)** is a proposed inter-governmental agreement to recognise that animals are sentient, to prevent cruelty and reduce suffering, and to promote standards on the welfare of animals such as farm animals, companion animals, animals in scientific research, draught animals, wildlife animals and animals in recreation.)

को सिद्धान्तहरुलाई[१०४] आधार मान्नुपर्दछ भनिएको छ। संयुक्त राष्ट्र संघको विशिष्टीकृत संस्था Food and Agriculture Organization (FAO) ले स्थानीय पशु जातहरूको विकास तथा संरक्षणले खाद्य तथा कृषि प्रयोजनको दिगो उपयोग, विकास र संरक्षणमा विशाल योगदान पुऱ्याउँछ भनिएको पाइन्छ।[१०५]

४०. यसरी माथि विभिन्न प्रकरणहरुमा विवेचना भए बमोजिम नेपालको संविधानले गाई नेपालको राष्ट्रिय जनावर हुने व्यवस्था गरेको छ भने साविक मुलुकी ऐन,२०२० तथा हालको मुलुकी अपराध संहिता, २०७४ ले गाई तथा गोरु मार्न, काट्न वा करणी गर्न प्रतिबन्ध लगाई सजायको व्यवस्थासमेत गरेको भए तापनि गाईको स्वास्थ्य, प्रजनन, गौशाला व्यवस्थापन, अनुसन्धान, गाईको जैविक विविधतामा योगदान र आर्थिक उपयोगितालाई व्यवस्थित गर्ने छुट्टै कानून भएको देखिएन। यसैगरी, केही प्रदेश सरकार तथा स्थानीय तहले गाईको गौशाला निर्माण गरी छाडा गाईको संरक्षण गर्न नीतिगत प्रयाससम्म गरिएको पाइएतापनि गाईको धार्मिक, सांस्कृतिक र आर्थिक महत्त्वलाई दृष्टिगत गरी राष्ट्रिय जनावर गाईको संरक्षण र सम्बर्द्धन सम्बन्धी छुट्टै कानून रहे भएको देखिएन। कानूनको अभाव रहेको स्थितिमा राष्ट्रिय जनावर वा प्रतिकको संरक्षण र सम्बर्द्धन गर्न अदालतले छुट्टै कानून तर्जुमा गर्न सरकारलाई निर्देश गर्न सक्ने हुँदा गाई संरक्षण र सम्बर्द्धन गर्न छुट्टै कानूनी व्यवस्था गर्नु धार्मिक, सामाजिक, सांस्कृतिक एवंम आर्थिक दृष्टिकोणले उपयोगी र महत्त्वपूर्ण देखिएकोले राष्ट्रिय जनावर गाईको संरक्षण र सम्बर्द्धनमा हाल रहे भएको कानूनी व्यवस्था पर्याप्त रहे भएको नदेखिएकोले राष्ट्रिय जनावार गाईको संरक्षण, सम्बर्द्धन एवंम प्रवर्द्धन गर्न छुट्टै कानून बनाउनु पर्ने आवश्यकता रहेको देखियो।

४१. अब, तेश्रो प्रश्न गाई संरक्षणको सन्दर्भमा यस अदालतबाट विगतमा भएका आदेशहरु प्रस्तुत रिट निवेदन मागका सन्दर्भमा प्रर्याप्त छन्, छैनन्? भन्ने सम्बन्धमा हेर्दा, गाईका बारेमा यस अदालतमा मुद्दा परि भएका फैसलाको रोहमा गाईको संरक्षण आदि सम्बन्धमा न्यायिक सिद्धान्त समेत स्थापित भएको देखिन्छ। अधिवक्ता पदमबहादुर श्रेष्ठसमेत विरूद्ध विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत भएको परमादेशको रिट निवेदनमा गाई *संवैधानिक रूपमा हाम्रो राष्ट्रिय पहिचानसँग जोडिएको विषय मात्र नभई हाम्रो धर्म, संस्कृति, सभ्यता र परम्पराको एक प्रतीक हुँदा गौरक्षा नेपालको एउटा राष्ट्रिय दायित्व हो भन्ने स्पष्ट हुने। गाई गोरु लगायतका पशुपन्छीको संरक्षण कृषि, स्वास्थ्य, वातावरण र जैविक विविधताको संरक्षणको विषय तीनै तहका सरकारको साझा कार्यक्षेत्रको विषय देखियो। साथै यो विषय गरिब किसानको सुरक्षा र उन्नयनसमेतसँग जोडिएको हुँदा तिनै तहका सरकारहरूले*

---

[१०४] The Brambell Report, *The Five Freedoms* (1965), available at http://publicaccess.staffsmoorlands.gov.uk/portal/servlets/AttachmentShowServlet?ImageName=175452.

[१०५] Commission on Genetic Resources for Food and Agriculture, *Global Plan of Action for Animal Genetic Resources and the Interlaken Declaration* (Food & Agric. Org. of the U.N., 2007), available at https://openknowledge.fao.org/server/api/core/bitstreams/88062c21-b652-4c9d-bfdd-9090148430e8/content#:~:text=The%20Global%20Plan%20of%20Action,3%20to%207%20September%202007, ISBN 978-92-5-105848-0.

*योजनाबद्ध एवं समन्वयात्मक रूपमा आ-आफ्नो दायित्व निर्वाह गर्नुपर्ने*[१०६] भनी यस अदालतबाट व्याख्या भएको पाइयो। त्यस्तै यस अदालतबाट तराईका गाई समेतका रैथाने जातका पशुपन्छीको संरक्षणको लागि परेको रिट निवेदनमा *रैथाने जातका पशुपन्छीको संरक्षणका लागि हाल भै रहेको नीति, कार्यक्रम र कानूनी व्यवस्था पर्याप्त भए नभएको सम्बन्धमा अध्ययन गर्न विपक्षी नेपाल सरकारमा प्रतिवेदन पेश गर्न तीन जना विशेषज्ञहरु सम्मिलित अध्ययन समितिको गठन गर्नू भनी विपक्षीहरुको नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको छ*[१०७] भनी निर्देशनात्मक आदेश जारी भएको पाइयो।

४२. डिभोटेड न्याडिकल इन्भाइरोन्मेन्ट एनिमल मुभमेन्ट सोसाइटीका तर्फबाट अख्तियारप्राप्त विवेक राणा विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत भएको उत्प्रेषण/प्रतिषेधको रिट निवेदनमा *पशु संरक्षण, सम्बर्द्धन एवम् सडकमा छाडा छोडिएका गाई, गोरू, बाच्छा, बाच्छी, साँढेलगायतका चौपायाहरूको निश्चित चरणक्षेत्र, वासस्थानसमेतको व्यवस्थापन सम्बन्धमा व्यवस्थित कानूनी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने टड्कारो आवश्यकता देखिएकाले मुलुकी ऐन चौपायाको महलको कानूनी व्यवस्था, स्थानीय प्रशासन ऐन, २०२८ को दफा ९ को उपदफा (११) र (१२) को व्यवस्था, स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६(१) को खण्ड (ज) को उपखण्ड (२) र उपखण्ड (१५) को व्यवस्था एवम् निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३(१)(घ) को व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नु गराउनु भनी विपक्षीहरूका नाममा निर्देशनात्मक आदेश जारी हुने*[१०८] भनी यस अदालतबाट निर्देशनात्मक आदेशसमेत जारी भएको देखियो। अधिवक्ता खगेन्द्र सुवेदी समेत विरुद्ध पशुपति क्षेत्र विकास कोष काठमाण्डौ भएको उत्प्रेषण/परमादेशको निवेदनमा *आराध्यदेव श्री पशुपतिनाथको नाममा छाडिएका नन्दीहरू वा दुग्ध र पञ्चामृतद्वारा स्नान गराइने भगवान्‌को प्राङ्गण र परिसरमा सो प्रदान गर्ने गौमाताहरू नै उपेक्षित रहने कुरा कदापि स्वाभाविक र स्वीकारयोग्य हुँदैन। एकातिर राजा महाराजालगायतका भक्तहरूले दान गरेका गौचरणहरू नास हुँदै जाने वा गाई गुठीहरू संरक्षण नहुने, अर्कोतर्फ गौमाता र नन्दीहरू उपेक्षित रहने कुरा श्री पशुपतिनाथद्वारा परिपोषित धर्म, संस्कृति र सभ्यताको विरूद्ध हुने देखिने*[१०९] भनी यस अदालतबाट व्याख्या भएको देखियो। त्यस्तै, राष्ट्रिय जनावर गाईका सम्बन्धमा *गाई हिन्दु धर्मको प्रतिकात्मक जनावर मात्र नभई धर्म निरपेक्षतालाई अंगालेको वर्तमान अन्तरिम संविधानले राष्ट्रिय जनावर भनी उल्लेख गरेको र जनावर विरुद्धको अपराधलाई राष्ट्रले कसूरजन्य बनाएको कारणले त्यस्तो कार्य संविधान विपरीत नहुने, मौलिक हकको हनन भएको सम्झन नमिल्ने र धर्म निरपेक्षताको प्रतिकूल पनि नहुने। गाई गोरु लगायतका*

---

[१०६] ने.का.प. २०७६, अंक ६, नि.नं. १०२९९

[१०७] आमोद दाहाल विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय समेत, ०७३-WO-०९१७, मुद्दाः परमादेश,फैसला मिति:२०७४।१२।१९

[१०८] ने. का. प. २०७३, अंक ५,. नि.नं. ९५९७

[१०९] ने. का. प. २०७८, अंक ४, नि.नं. १०६६७

*जनावर मार्न पाउनै पर्छ भन्ने मान्यता कुनै धर्म वा सम्प्रदायको वा धर्म निरपेक्ष राज्यमा पनि हुनसक्दैन*[११०] भनी यस अदालतबाट विवेचना समेत भएको देखियो।

४३. यसरी यस अदालतको न्यायिक दृष्टिकोण हेर्दा पनि राष्ट्रिय जनावर रही राष्ट्रिय प्रतीकका रुपमा रहेको गाईको संरक्षण तथा प्रवर्द्धन गर्नु राज्यको प्रमुख दायित्व हुने र यसका लागि संघ, प्रदेश र स्थानीय तह गरी ३ तहका सरकारले समन्वयात्मक एवं सहयोगात्मक रुपमा गाईको सामाजिक, सांस्कृतिक एवं पर्यावरणीय तथा मानवीय पक्ष र महत्त्वसमेतलाई ध्यान दिई गाईको उचित संरक्षण र प्रवर्द्धन गर्न गाईलाई वेवारिसे रुपमा छोडिदिने, बुढा भएपछि काट्ने, भीरबाट हुत्याइदिने, नदीमा बगाइदिने विभिन्न उद्देश्यका लागि देश बाहिर बिक्री गर्ने, निकासी गर्ने जस्ता कार्यलाई कसूरका रुपमा घोषणा गरी थप आवश्यक कानूनी प्रवन्ध गर्न छुट्टै गाई संरक्षण एवं प्रवर्द्धन ऐन बनाउन दिशा निर्देश भएको देखियो।

४४. अब रिट निवेदकको मागबमोजिमको रिट आदेश जारी हुने अवस्था हो, होइन ? भन्ने अन्तिम प्रश्नमा दृष्टिगत गर्दा, राष्ट्रिय जनावर गाई संरक्षण र प्रवर्द्धनका लागि छुट्टै कानूनी व्यवस्था नभएकाले आवश्यक कानून निर्माण गर्न गराउन विपक्षीहरुका नाममा परमादेश जारी गरी पाउँ भन्ने रिट निवेदकको मुख्य मागदावी रहेको देखिन्छ। उक्त निवेदन दावीका सम्बन्धमा विपक्षीहरुको लिखत जवाफ हेर्दा, थप कानून आवश्यक छैन, विद्यमान कानूनले गाई संरक्षण भइरहेको छ भनी जिकिर लिएको देखिन्छ। साविक मुलुकी ऐन तथा मुलुकी अपराध संहिता, २०७४ ले समेत गाई मार्न काट्न नहुने र गौ(गाई) हत्या गरेमा कसूर कायम गरी सजाय हुने कानूनी व्यवस्था गरेको देखिए तापनि गाईलाई जथाभावी छाडी वेवारिसे पार्ने, गाई बुढो भएपछि काट्न मार्नका लागि बिक्री गरी दिने वा विदेश निकासी गर्ने जस्ता कार्य रोकी गाईको संरक्षण र प्रवर्द्धन गर्न आवश्यक पर्ने कानूनको भने अभाव रहेको भन्ने माथि गरिएको विवेचनाबाट प्रष्ट भएको देखियो। यसअघि यसै अदालतबाट पशु कल्याण ऐन निर्माण गर्न, पशुपन्छी प्रति निर्दयी व्यवहार हुन नदिन जनस्तरमा शिक्षाको प्रचार गर्न, रैथाने जातका पशुपन्छीको संरक्षणका लागि भएको विद्यमान नीतिगत एवं कानूनी व्यवस्था पर्याप्त भए नभएको सम्बन्धमा अध्ययन समिति गठन गर्न निर्देशनात्मक आदेश जारी भएको भन्ने सम्बन्धमा माथिका प्रकरणमा चर्चा गरिएको छ। तथापि राष्ट्रिय जनावर गाईको संरक्षण तथा प्रवर्द्धन गर्न छुट्टै कानूनी व्यवस्था भएको नदेखिएको र यसरी राष्ट्रिय जनावर गाईको संरक्षण गर्ने राज्यको दायित्व हुने भएकोले गाईको संरक्षण एवं प्रवर्द्धन गर्नका लागि छुट्टै ऐन समेत निर्माण गर्नु पर्ने आवश्यकता देखियो। यसका लागि उपयुक्त कानूनी व्यवस्था गर्ने लगायतका विषयमा देहायबमोजिम गर्नू गराउनु भनी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेतका नाममा परमादेश जारी हुने ठहर्छ।:-

क) राष्ट्रिय जनावार गाईको उचित संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्नका लागि छुट्टै राष्ट्रिय जनावर गाई संरक्षण तथा प्रवर्द्धन ऐनको विधेयक तयार गरी संघीय संसदमा पेश गर्नू।

---

[११०] ने.का.प.२०६५, अंक ९, नि.नं. ८००९

ख) देशभरका गौशालाहरुको नाममा रहेको अचल सम्पत्तिको लगत अद्यावधिक गरी सो को उचित संरक्षण गरी गौशालाका नाममा रहेका अचल सम्पत्ति गाई पालन र संरक्षण कार्यमा मात्र उपयोग हुने व्यवस्था मिलाउनू ।

ग) स्थानीयस्तरमा गौशाला सञ्चालनका लागि आवश्यक पर्ने जमिन स्थानीय तहको सिफारिसमा संघीय सरकारले उपलव्ध गराउने प्रबन्ध गर्नू।

घ) छाडा तथा बेवारिसे गाई बाच्छा नियन्त्रणका लागि प्रत्येक स्थानीय तहले कम्तिमा एउटा गौशाला निर्माण गरी आफै सञ्चालन गर्नु वा सम्बन्धित कृषक समूह वा गैर सरकारी संस्था वा स्थानीय मठ मन्दीरमार्फत सञ्चालन गरी वेवारिसे गाईबाच्छा उक्त गौशालामा राखी गाई पालन गर्न चाहने कृषक/कृषक समूह/पशुपालक समूहलाई निशुल्क उपलब्ध गराउने व्यवस्था मिलाउनू।

ङ) गाईपालनबाट प्राप्त हुने आर्थिक लाभ लिन, अर्गानिक कृषिको प्रवर्द्धनमा गोबर तथा गौमूत्रको अनिवार्य भूमिकाका बारेमा जनचेतना जगाउन, साथै गाईको दूध, दही, घ्यू आदि दुग्धजन्य पदार्थले मानव स्वास्थ्यमा पुऱ्याउने महत्त्वपूर्ण सकारात्मक प्रभावका सम्बन्धमा व्यापक प्रचारप्रसार गर्ने व्यवस्था मिलाई, गाई पालन तथा संरक्षणप्रति जनस्तरमा उत्साह अभिवृद्धि गर्न संघ, प्रदेश र स्थानीय तहका सरकारले आवश्यक पहल गर्ने व्यवस्था मिलाउनू।

च) गाई संरक्षणका लागि किसानले घरमा पालेका गाईको निःशुल्क बिमा गर्ने, गाईको दुध, दही, घ्यु लगायतका उत्पादनको बजारीकरणका लागि संघीय सरकार, प्रदेश सरकार र सम्बन्धित पालिकाले समन्वयात्मक रुपमा व्यवस्था मिलाउनू।

छ) हिमाल, पहाड र तराईमा पाइने स्थानीय जातका, रैथाने गाईहरुको विवरण तयार गरी लोप हुन नदिन संरक्षणका लागि यसको आवश्यकता र औचित्यको सम्बन्धमा सचेतना कार्यक्रम लगायतका अन्य व्यवस्था सम्बन्धित स्थानीय सरकार मार्फत हुने गरी व्यवस्था मिलाउनू।

ज) राष्ट्रिय जनावर गाईको महत्त्वका बारेमा उपयुक्त पाठ्यक्रम तयार गरी सबै तहका शैक्षिक कार्यक्रममा राख्ने व्यवस्था शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले मिलाउनू।

झ) गाई मारेको वा यातना दिएको वा छाडा छोडेको विषयमा प्रहरी प्रतिवेदन वा संचार माध्यमबाट वा अन्य कुनै माध्यमबाट प्राप्त सूचना उजुरी लिई अनुसन्धान गरी अभियोजन गर्ने व्यवस्था मिलाउन प्रहरी प्रधान कार्यालय र महान्यायाधिवक्ताको कार्यालय मार्फत सबै सरकारी वकिल कार्यालयमा लेखि पठाउने व्यवस्था मिलाउनू।

ञ) गाई बाच्छा पालन गर्ने प्रयोजनका लागि बाहेक विदेश निर्यात गर्न नपाउने व्यवस्था सम्बन्धित पालिकाले गरी सो को अनुगमन सुरक्षा निकायबाट समेत गर्ने, गराउने व्यवस्था मिलाउने।

ट) संघीय सरकार, प्रदेश र स्थानीय सरकारले पशुपालन क्षेत्रमा अनुदान दिंदा गाई पालन, गाईको संरक्षण प्रवर्द्धन र गाईबाट प्राप्त हुने खाद्य तथा अन्य पदार्थको स्तरीकरण, भण्डारण, बिक्री प्रवर्द्धन, बजार व्यवस्थापनलाई पहिलो प्राथमिकता दिने व्यवस्था गर्नू।

४५. यो आदेशको प्रतिलिपि साथै राखी आदेश कार्यान्वयनको लागि महान्यायाधिवक्ताको कार्यालय मार्फत विपक्षीहरुलाई पत्राचार गर्नू। साथै, सातै मुख्य न्यायाधिवक्ताको कार्यालयमार्फत सात प्रदेश सरकार तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत देश भरिका सबै (७५३) पालिकाहरुलाई यस फैसलाको प्रतिलिपी सहित पत्राचार गर्नु। यो फैसलाको कार्यान्वयनको लागि यस अदालतको फैसला कार्यान्वयन निर्देशनालयबाट निरन्तर अनुगमन गर्नू।

४६. प्रस्तुत आदेश यस अदालतको विद्युतीय मुद्दा व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी पीठमा जनाई प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।

कुमार रेग्मी
न्यायाधीश

उक्त आदेशमा सहमत छु।

सुनिल कुमार पोखरेल
न्यायाधीश

इजलास अधिकृत: टीकाबहादुर थापा(उपसचिव)/विकेश महर्जन(शाखा अधिकृत)
कम्प्युटर टाइप : अमिर रत्न महर्जन
इति संवत् २०८१ साल कार्तिक महिना २६ गते रोज २ मा शुभम्.......................।